# दोस्रो वार्षिक प्रतिवेदन

## (आ.व.२०७८ /०७९)

## प्रदेश लोक सेवा आयोग

गण्डकी प्रदेश, पोखरा

# प्रदेश लोक सेवा आयोग


## सम्पर्क:

प्रदेश लोक सेवा आयोग

## ठेगाना:

मुस्ताङ चोक, पोखरा

## टेलिफोन नं.

फोन नं. : ०६१-४६७८७३

## ई-मेल:

gandakipsc2076@gmail.com

## वेवसाईट:

http://ppsc.gandaki.gov.np

# प्रदेश लोक सेवा आयोग
## गण्डकी प्रदेश, पोखरा

मिति: २०७९/०५/१०

**विषय: आयोगको दोस्रो वार्षिक प्रतिवेदन पेश गरिएको ।**

माननीय प्रदेश प्रमुखज्यू,
गण्डकी प्रदेश, पोखरा ।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५० बमोजिम प्रदेश लोक सेवा आयोगले आर्थिक वर्ष २०७८/०७९ मा सम्पादन गरेका काम-कारबाहीहरूको वार्षिक प्रतिवेदन पेश गरिएको छ ।

भवदीय,

**विष्णुप्रसाद नेपाल**
अध्यक्ष

**कल्पना लम्साल**
सदस्य

**योगेन्द्र गौचन**
सदस्य

**विनोदबहादुर कुँवर**
सचिव

# आयोगका पदाधिकारीहरू



विष्णुप्रसाद नेपाल
अध्यक्ष



कल्पना लम्साल
सदस्य



योगेन्द्र गौचन
सदस्य



विनोद बहादुर कुँवर
सचिव

# धन्यवाद-ज्ञापन

आयोगको कार्य सञ्चालनका लागि आवश्यक भौतिक, मानवीय तथा अन्य श्रोत साधनको उपलब्धतालाई सहज बनाइदिएकोमा आयोग प्रदेश सरकारप्रति धन्यवाद ज्ञापन गर्दछ ।

आयोगका कामकारबाहीमा प्रत्यक्ष एवम् परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सङ्घ, प्रदेश एवम् स्थानीय तह, सरकारी एवम् निजी क्षेत्रका विश्वविद्यालय, महाविद्यालय एवम् विद्यालयहरू र सम्बद्ध अन्य निकायका साथै आयोगको कामका सिलसिलामा पाठ्यक्रम निर्माण, प्रश्नपत्र निर्माण एवम् परिमार्जन, उत्तरपुस्तिका परीक्षण, सामूहिक छलफल, प्रयोगात्मक परीक्षा र अन्तरवार्तामा सहयोग गर्ने दक्ष/विज्ञ र परीक्षा सञ्चालनमा श्रोत साधन एवम् जनशक्ति उपलब्ध गराई सहयोग गर्नुहुने सबैप्रति आयोग हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

आयोगबाट यस दोश्रो वार्षिक प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न आयोगका सचिव लगायत सम्पूर्ण कर्मचारीहरूलाई आयोग धन्यवाद व्यक्त गर्दछ ।

# कार्यकारी सारांश




प्रदेश तथा स्थानीय तहमा कुल १४३ विज्ञापनमा आ.प्र.तर्फ १५, खुलातर्फ ९३० र समावेशीतर्फ ४६१ गरी जम्मा १,४०६ पद सङ्ख्याको पदपूर्तिका लागि विज्ञापन प्रकाशन गरिएको छ । प्रकाशित विज्ञापनमा महिलातर्फ ८१,९०८ र पुरुषतर्फ ९९,३१४ गरी १,८१,२२२ जना उमेदवारले विभिन्न समावेशी समूहमा समेत गरी जम्मा २,८५,३९८ दरखास्त दिएका छन् ।

आयोगले  प्राविधिक र अप्राविधिक तर्फका चौथो तहदेखि नवौं तहसम्म ३७ प्रकारका पदहरूको पाठ्यक्रम निर्माण गरेको छ । लिखित परीक्षाबाट अन्तरवार्ताका लागि छनौट भएका उमेदवारहरूको सामूहिक परीक्षण, कम्प्युटर सिप परीक्षण र प्रयोगात्मक परीक्षा सञ्चालन गरेको छ ।

लिखित परीक्षा सञ्चालनको लागि दक्ष/विज्ञहरूबाट ४९८ कच्चा प्रश्नपत्र सेटबाट परिमार्जन तथा मोडेरेसन गरी २६७ सेट परिमार्जित प्रश्नपत्र तयार गरिएको छ ।

लिखित परीक्षा सञ्चालनका लागि एकै दिनमा ९३ केन्द्रसम्म कायम गरी एकै समयमा करिब २०,०००  परीक्षार्थीको लिखित परीक्षा सञ्चालन गरिएको छ । लोक सेवा आयोग एवम् प्रदेश लोक सेवा आयोगको परीक्षा भवन, विभिन्न विद्यालय र क्याम्पस गरी जम्मा १,०१८ परीक्षा केन्द्रमा परीक्षा सञ्चालन गरिएको थियो । परीक्षा केन्द्रमा एक दिनमा ३ हजारसम्म जनशक्ति परिचालन भएका थिए । दरखास्त दिएका मध्ये १,३२,७२४ जना उमेदवार परीक्षामा सम्मिलित भएका छन् ।

प्रतिवेदन अवधिमा ८७ जना दक्ष वा विशेषज्ञद्वारा विभिन्न तहका १६,५६८ विषयगत उत्तरपुस्तिका परीक्षण, ९,७६५ वस्तुगत उत्तरपुस्तिका परीक्षण र OMR  प्रविधिबाट १,१०,४५० उत्तरपुस्तिका परीक्षण गरिएको छ । विषयगत उत्तरपुस्तिका आयोगको कार्यालयमा महाशाखा प्रमुख/शाखा प्रमुखको सुपरिवेक्षणमा परीक्षण गराउने व्यवस्था मिलाइएको छ ।

प्रतिवेदन अवधिसम्म प्रदेशतर्फ ७५ पद सङ्ख्याका लागि ३०० जना उमेदवार तथा स्थानीयतर्फ ११३६ पद सङ्ख्याका लागि २००४ जना गरी जम्मा २३०४ जना उमेदवार लिखित परीक्षाबाट अन्तरवार्तामा छनौट भएका छन् ।

आयोगबाट यस अवधिमा दुई हजार तीन सय चार जना उमेदवारको अन्तर्वार्ता सञ्चालन भएको छ भने ५२१ महिला र ६६३ पुरुष गरी जम्मा ११८४ जना उमेदवार सिफारिस भएका छन् ।

प्रदेश र स्थानीय तहका कुल १४३ विज्ञापन मध्ये समावेशीतर्फ ६६ विज्ञापनहरूबाट ४६१ सङ्ख्यामा समावेशी समूहका उमेदवारहरूका लागि विज्ञापन भएकोमा १,०४,८४३ जनाको अर्थात् ५७.८५ प्रतिशत आवेदन परेकोमा कुल सिफारिस सङ्ख्याको ४४.०० प्रतिशत महिला सिफारिस भएका छन् । सिफारिस भएका महिलाहरूमध्ये खुलातर्फ ३७ प्रतिशत र समावेशी समूहतर्फ ६३ प्रतिशत रहेका छन् । आदिवासी/जनजातिका लागि मात्र लक्षित विज्ञापनबाट ४१ महिला र ५६ पुरुष गरी ९७, मधेशी समुहलाई लक्षित विज्ञापनबाट १६ महिला र ५३ पुरुष गरी जम्मा ६९ तथा दलित समूह लक्षित विज्ञापनबाट ७ जना महिला र २२ जना पुरुष गरी जम्मा २९ जना उमेदवार सिफारिस भएका छन् । प्रदेशतर्फ चौथो तहमा ४४.८ प्रतिशत र स्थानीयतर्फ सोही तहमा अधिक ३५.२५ प्रतिशत समावेशी उमेदवार सिफारिस भएका छन् ।

आयोगबाट सिफारिस भएका मध्ये ९५९ जना उमेदवारहरूलाई कार्य जिम्मेवारी र सम्पादन गर्नुपर्ने कार्यहरू लगायतका विषयमा एक दिने सेवा प्रवेश अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ । अभिमुखीकरण कार्यक्रममा सम्बन्धित सेवा समूह एवम् विशेषज्ञ र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको समेत सहयोग प्राप्त भएको थियो ।

परीक्षालाई अनुशासित, मर्यादित र व्यवस्थित रूपमा सञ्चालन गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी र पोखरा महानगरपालिकाका कर्मचारीहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ ।

परीक्षा केन्द्र रहेका विद्यालय र क्याम्पसका शिक्षक कर्मचारीहरूलाई परीक्षा सञ्चालनसँग सम्बन्धित नीति, नियम र आचारसंहिताबारे अभिमुखीकरण गरिनुका साथै पोखरा बहुमुखी क्याम्पसको संयोजनमा ६० जना विद्यार्थीहरूलाई सार्वजनिक प्रशासनमा आकर्षण बढाउन आयोगको उद्देश्य, भूमिका, परीक्षा प्रणाली र कार्य सम्पादन प्रक्रियाका विषयमा एक दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ ।

प्रतिवेदन अवधिमा आयोगका ३० वटा बैठकबाट विभिन्न प्रकृतिका ४९ वटा निर्णय भएका छन् । कार्मचारीहरूलाई कार्यसम्पादनमा उत्कृष्टता ल्याउन क्षमता विकास र उत्प्रेरणा सम्बन्धी अवसरहरू प्रदान गरिएको छ । आयोगले समय समयमा प्रदेश र स्थानीय तहका कार्यालयहरूमा निरीक्षण गरी सुझाव आदान प्रदान गर्दै आएको छ । आयोगले प्रकाशन गरेको विज्ञापनबाट प्रदेश सरकारको राजश्व खातामा रु. ८ करोड ५६ लाख रकम जम्मा भएको छ ।

प्रथम वार्षिक प्रतिवेदनमा औँल्याइएका सुझावहरू कार्यान्वयनको चरणमा रहेका छन् । आयोगको काम कारबाहीलाई थप व्यवस्थित तुल्याई अपेक्षित नतिजा हासिल गर्न सहयोग पुगोस् भन्ने हेतुले यस प्रतिवेदनमा सुझावहरू प्रस्तुत गरिएको छ ।

# विषयसूची

## परिच्छेद एक
## आयोगको परिचय, गठन र कार्यक्षेत्र


१.१ पृष्ठभूमि १

१.२ गठन १

१.३ काम, कर्तब्य र अधिकार १

१.४ उद्देश्य र कार्यक्षेत्र २

१.५ आयोगका प्रमुख कार्यहरू ३

१.६ सिद्धान्त र मापदण्ड अवलम्बन ३

१.७ प्रतिवेदन ३


## परिच्छेद दुई
## आयोगको कार्यसम्पादनका आधारहरू


२.१ संस्थागत प्रबन्ध ५

२.१.१ संवैधानिक व्यवस्था ५

२.१.२ कानूनी व्यवस्था ५

२.१.३ संगठन संरचना, उद्देश्य र कार्यक्षेत्र ६

२.२ कार्यसम्पादनका सिद्धान्तहरू ७

२.२.१ योग्यताको सिद्धान्त ७

२.२.२ निष्पक्षताको सिद्धान्त ७

२.२.३ स्वच्छताको सिद्धान्त ७

२.२.४ समान अवसरको सिद्धान्त ७

२.२.५ समावेशिताको सिद्धान्त ७

२.२.६ द्विअन्ध सिद्धान्त ८

२.२.७ परिचय शुन्यताको सिद्धान्त ८

२.२.८ असंलग्नताको सिद्धान्त ८

२.२.९ गोपनीयताको सिद्धान्त ८

२.३ कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह ८

२.३.१ वार्षिक कार्यतालिका ९

२.३.२ विज्ञापन प्रकाशन १०

२.३.३ दरखास्त सङ्कलन एवं स्वीकृति १०

२.३.४ लिखित परीक्षा ... १०
२.३.५ उत्तरपुस्तिका सङ्केतिकरण र परीक्षण ... १०
२.३.६ लिखित परीक्षा नतिजा ... १०
२.३.७ लिखित परीक्षा नतिजा प्रकाशन ... ११
२.३.८ सामुहिक छलफल ... ११
२.३.९ प्रयोगात्मक परीक्षा ... ११
२.३.१० अन्तरवार्ता र सिफारिस ... ११
२.३.११ कार्य विभाजन र अधिकार प्रत्यायोजन ... ११

**परिच्छेद तीन**

**प्रशासनिक/वित्तीय/भौतिक प्रगति**

३.१ बैठक तथा निर्णय ... १३
३.२ क्षमता विकास ... १३
३.३ बजेट निकासा र खर्च ... १३
३.४ राजश्व र धरौटी ... १४
३.५ विज्ञापित पद सङ्ख्या , दरखास्त र पदको तुलना ... १४
३.६ बेरूजु ... १४
३.७ निरीक्षण ... १५
३.८ परामर्श ... १५

**परिच्छेद चार**

**परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम**

४.१ परीक्षण प्रविधि ... १७
४.२ पाठ्यक्रम ... १७
४.३ सेवा तथा तहगत पाठ्यक्रम निर्माण ... १९
४.४ शैक्षिक योग्यता सम्बन्धमा द्विविधा उपर आयोगबाट भएको निर्णय ... १९

**परिच्छेद पाँच**

**विज्ञापन र दरखास्त**

५.१ पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका ... २१
५.२ प्रतिशत निर्धारण ... २१
५.३ विज्ञापन ... २१
५.३.१ खुला र समावेशी समूहका विज्ञापन ... २२
५.४ दरखास्त ... २३
५.४.१ दरखास्तको लैङ्गिक स्थिती ... २३

५.४.२ स्वीकृत दरखास्तको वर्गीकरण र समावेशी सहभागिता २४
५.४.३ विज्ञापन भएको पदको तहगत दरखास्तको वर्गीकरण २५
५.४.४ अधिक दरखास्त परेका पदहरूको विज्ञापनमा प्रतिपद औषत दरखास्त २६
५.४.५ दरखास्तको भौगोलिक वर्गीकरण २७
५.४.६ शैक्षिक सङ्कायगत आधारमा दरखास्तको वर्गीकरण ३०
५.४.७ आमा-बाबुको शैक्षिक स्थितिको आधारमा दरखास्तको वर्गीकरण ३१
५.४.८ बाबुको पेशाको आधारमा दरखास्तको विवरण ३१

## परिच्छेद छ

## परीक्षा र परीक्षण

६.१ प्रश्नपत्र निर्माण र परिमार्जन ३३
६.२ लिखित परीक्षा ३५
६.२.१. प्रथम चरणको लिखित परीक्षा ३७
६.२.२ लिखित परीक्षामा अनियमितता गर्ने उमेदवारलाई गरिएको कारवाही ३७
६.३ उत्तरपुस्तिका सङ्केतीकरण ३७
६.४ लिखित परीक्षा नतिजा तयारी ३८
६.४.१ उत्तरपुस्तिका परीक्षण ३८
६.४.२ उत्तरपुस्तिका रूजु ३८
६.५ लिखित परीक्षा नतिजा ३९
६.६ प्रयोगात्मक परीक्षा र सिप परीक्षण ३९
६.७ सामुहिक परीक्षण ३९

## परिच्छेद सात

## अन्तरवार्ता तथा सिफारिस

७.१ अन्तर्वार्ता ४१
७.२ सिफारिस ४१
७.२.१ विज्ञापनको प्रकार र सिफारिस अवस्था ४१
७.२.२ लिङ्गगत सिफारिसको अवस्था ४१
७.२.३ सेवागत सिफारिसको अवस्था ४२
७.२.४ तहगत सिफारिसको अवस्था ४२
७.२.५ भौगोलिक आधारमा सिफारिसको अवस्था ४२
७.२.६ सिफारिस भएका उम्मेदवारको आमा बाबुको शैक्षिक अवस्था ४७
७.२.७ सिफारिस भएका उम्मेदवारका अभिभावकको पेशागत अवस्था ४७
७.२.८ सिफारिस भएका उम्मेदवारको उमेर समूहको अवस्था ४८

७.२.९ जातिगत सिफारिसको अवस्था ४९
७.२.१० धर्मगत सिफारिसको अवस्था ५२
७.२.११ सिफारिस भएका उमेदवारको वैवाहिक अवस्था ५२
७.३ विज्ञापन भएको पद सङ्ख्या भन्दा कम सङ्ख्यामा सिफारिस भएका विज्ञापनहरु ५२

## परिच्छेद आठ

## समावेशी पदपूर्ति

८.१ समावेशी समूहतर्फ विज्ञापन ५५
८.२ समावेशी समूहतर्फ सिफारिसको अवस्था ५५
८.२.१ महिला समूहबाट सिफारिसको अवस्था ५६
८.२.२ आदिवासी/जनजाति समूहबाट सिफारिसको अवस्था ५६
८.२.३ मधेशी समूहबाट सिफारिसको अवस्था ५७
८.२.४ दलित समूहबाट सिफारिसको अवस्था ५७
८.३ तहगत समावेशी सिफारिसको अवस्था ५८

## परिच्छेद नौ

## सांगठनिक सुधार र नवप्रवर्तन

९.१ रणनीतिक योजना निर्माण ५९
९.२ सेवाग्राही र विज्ञहरूको संलग्नता अभिवृद्धि ५९
९.३ संस्थागत क्षमता अभिवृद्धि ५९
९.४ पूर्वाधार विकास ५९
९.५ व्यवस्थापकीय विषयहरूमा सुधार ५९
९.६ लोक सेवा आयोगहरूको सम्मलेन ६०
९.७ सिफारिस भएका उम्मेद्वारहरूको अभिमुखीकरण ६०
९.८ अन्तर्क्रिया र गोष्ठी ६०
९.९ विद्यार्थी अभिमुखीकरण ६१
९.१० प्रथम वार्षिकोत्सव ६१

## परिच्छेद दश

## ध्यानाकर्षण र सुझाव

१०.१ ध्यानाकर्षण ६३
१०.२ सुझाव ६३
१०.३ सुझाव कार्यान्वयन ६४
१०.४ भावी योजना ६४

# तालिका सूची


| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| तालिका १ | आयोगको दरबन्दी तेरिज र कार्यरत जनशक्ति सम्वन्धी विवरण | ६ |
| तालिका २ | कार्यविभाजन र अधिकार प्रत्यायोजन सम्बन्धी विवरण | १२ |
| तालिका ३ | आयोगका निर्णयहरूको विषयगत बर्गीकरण | १३ |
| तालिका ४ | विनियोजित बजेट, निकासा र खर्च | १४ |
| तालिका ५ | दरखास्त सङ्कलन तथा अन्य कार्यबाट सङ्कलित राजश्व र धरौटी | १४ |
| तालिका ६ | दरखास्त र राजश्वको स्थिति | १४ |
| तालिका ७ | वेरूजु फर्छ्यौटको स्थिति | १५ |
| तालिका ८ | पाठ्यक्रम निर्माण सम्बन्धी विवरण | १७ |
| तालिका ९ | पाठ्यक्रम निर्माण (प्रदेश तथा स्थानीय), परिमार्जन र संशोधन सम्बन्धी विवरण | १९ |
| तालिका १० | प्रदेश तर्फ तहगत विज्ञापनको विवरण | २२ |
| तालिका ११ | स्थानीय तर्फ तहगत विज्ञापनको विवरण | २२ |
| तालिका १२ | प्रदेश तथा स्थानीय तर्फ विज्ञापनको विवरण | २३ |
| तालिका १३ | दरखास्तको लैङ्गिक स्थिति | २३ |
| तालिका १४ | स्वीकृत दरखास्तको वर्गीकरण र समावेशी सहभागिता | २४ |
| तालिका १५ | तहगत दरखास्तको वर्गीकरण | २५ |
| तालिका १६ | अधिक दरखास्त परेका माथिल्लो ८ स्थानमा पर्ने पदहरूको विवरण | २६ |
| तालिका १७ | प्रति पद अधिक दरखास्त परेका पदहरूको विवरण | २६ |
| तालिका १८ | भौगोलिक क्षेत्रगत दरखास्त दिने उम्मेदवारको विवरण | २७ |
| तालिका १९ | प्रदेशगत दरखास्त दिने उम्मेदवारको विवरण | २७ |
| तालिका २० | दरखास्त दिने उम्मेदवारको जिल्लागत विवरण | २८ |
| तालिका २१ | शैक्षिक सङ्कायगत आधारमा दरखास्त विवरण | ३० |
| तालिका २२ | उम्मेदवारको आमा-बाबुको शैक्षिक स्थिति | ३१ |
| तालिका २३ | बाबुको पेशाको आधारमा दरखास्त दिने उम्मेदवारको वर्गीकरण | ३१ |
| तालिका २४ | प्रश्नपत्र निर्माण, परिमार्जन र प्रश्नपत्र बैंक सम्बन्धी विवरण | ३३ |
| तालिका २५ | लिखित परीक्षामा सम्मिलित उम्मेदवार विवरण | ३६ |
| तालिका २६ | लिखित परीक्षामा सम्मिलित उम्मेदवारहरूको विवरण | ३७ |
| तालिका २७ | उत्तरपुस्तिका परीक्षण विवरण | ३८ |
| तालिका २८ | लिखित परिक्षा नतिजा विवरण | ३९ |
| तालिका २९ | विज्ञापनको प्रकार र सिफारिस विवरण | ४१ |
| तालिका ३० | सिफारिसको लिङ्गगत विवरण | ४१ |

| | | |
|---|---|---|
| तालिका ३१ | सेवागत सिफारिस विवरण | ४२ |
| तालिका ३२ | तहगत सिफारिस विवरण | ४२ |
| तालिका ३३ | भौगोलिक क्षेत्रको आधारमा सिफारिस विवरण | ४३ |
| तालिका ३४ | प्रदेशगत सिफारिस विवरण | ४४ |
| तालिका ३५ | जिल्लागत सिफारिस विवरण | ४५ |
| तालिका ३६ | सिफारिस भएका उम्मेदवारहरूको आमा बाबुको शैक्षिक अवस्थाको विवरण | ४७ |
| तालिका ३७ | सिफारिस भएका उम्मेदवारका आमा बाबुको पेशागत विवरण | ४८ |
| तालिका ३८ | जातिगत सिफारिस विवरण | ४९ |
| तालिका ३९ | सिफारिस उम्मेदवारहरूको धर्म सम्बन्धी विवरण | ५२ |
| तालिका ४० | वैवाहिक अवस्था | ५३ |
| तालिका ४१ | समावेशी समूहगत सिफारिस विवरण | ५५ |
| तालिका ४२ | तहगत समावेशी उम्मेदवार सिफारिसको विवरण | ५८ |


## चित्र सूची


| | | |
|---|---|---|
| चित्र १ | पदपूर्ति सम्बन्धी कार्यप्रवाह | ९ |
| चित्र २ | दरखास्तको लैङ्गिक स्थिति | २३ |
| चित्र ३ | स्वीकृत दरखास्तको वर्गीकरण र समावेशी सहभागिता | २४ |
| चित्र ४ | महिला/पुरुषको तहगत सहभागिता | २५ |
| चित्र ५ | दरखास्त र लिखित परीक्षाको अनुपात | ३६ |
| चित्र ६ | भौगोलिक क्षेत्रगत सिफारिस विवरण | ४३ |
| चित्र ७ | सिफारिसको प्रदेशगत अवस्था | ४४ |
| चित्र ८ | सिफारिस भएका उमेदवारका आमा बाबुको पेशागत अवस्था | ४८ |
| चित्र ९ | उमेरगत सिफारिस सङ्ख्या | ४९ |
| चित्र १० | वैवाहिक अवस्थाचि | ५३ |
| चित्र ११ | खुला र समावेशी समूहमा महिला सिफारिसको अवस्था | ५६ |
| चित्र १२ | आदिवासी जनजातितर्फ सिफारिसको अवस्था | ५६ |
| चित्र १३ | मधेशी तर्फको विज्ञापनमा सिफारिस | ५७ |
| चित्र १४ | दलित विज्ञापनको सिफारिस | ५७ |


## अनुसूचीहरू


अनुसूची १ आ.व. २०७९/०८० को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका ६५

अनुसूची २ विज्ञापन र दरखास्तको स्थिती ६७

## परिच्छेद एक
# आयोगको परिचय, गठन र कार्यक्षेत्र

### १.१ पृष्ठभूमि
नेपालको संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने, प्रदेश लोक सेवा आयोगको गठन, काम कर्तव्य र अधिकार प्रदेश कानुन बमोजिम हुने र सङ्घीय संसदले कानुनबनाइ आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था भए बमोजिम प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उमेदवार छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार तथा कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को कार्यान्वयनका लागि आयोग गठन भएको छ । वि.सं. २००८ सालमा लोक सेवा आयोग गठन भएपश्चात् उक्त आयोगले विकास एवम् अवलम्बन गर्दै आएको अभ्यास, विधि र मापदण्डलाई समेत आधार मानी यस आयोगले कार्यसम्पादन गर्दै आएको छ ।

### १.२ गठन
क) नेपालको संविधानको धारा २४४ को उपधारा (१) मा भएको व्यवस्था अनुसार गण्डकी प्रदेश सभाबाट पारित प्रदेश लोक सेवा आयोग ऐन, २०७६ कार्यान्वयनमा रहेको छ ।

ख) यस आयोगमा अध्यक्ष सहित बढीमा तीन जना सदस्य रहने प्रावधान छ ।

ग) आयोगका सदस्यहरूमध्ये कम्तीमा एकजना सदस्य बिस वर्ष वा सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानुन, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्त्वपूर्ण कार्य गरी ख्याति प्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुने व्यवस्था छ ।

### १.३ काम, कर्तव्य र अधिकार
१.३.१ प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उमेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ ।

१.३.२ प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ ।

१.३.३ प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति, बढुवा तथा विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ ।

१.३.४ प्रदेश सरकार तथा स्थानीय तहबाट निवृत्तिभरण पाउने पदमा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन ।

१.३.५ देहायको विषयमा आयोगको परामर्श लिनुपर्नेछ ।

(क) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदका

कर्मचारीको सेवा, शर्त सम्बन्धी कानुनको विषयमा,

(ख) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सिद्धान्तको विषयमा,

(ग) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाको पदमा ६ महिना भन्दा बढि समयका लागि नियुक्ति गर्दा उमेदवारको उपयुक्तताको विषयमा,

(घ) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा उमेदवारको उपयुक्तताको विषयमा,

(ङ) आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा र

(च) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा ।

१.३.६ आयोगले संविधान, प्रदेश लोक सेवा आयोग ऐन र सो ऐन अन्तर्गत बनेको नियम तथा अन्य प्रचलित कानुनबमोजिम आफूलाई प्राप्त काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार तोकिए बमोजिमको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी अध्यक्ष, कुनै सदस्य, सदस्यहरूको समिति, आयोगको कुनै कार्यालय वा कर्मचारी वा प्रदेश सरकारको अन्य कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१.३.७ प्रकरण १.३.६ बमोजिम प्रत्यायोजन गरिएको अधिकार आयोगले जुनसुकै बखत फिर्ता लिन सक्नेछ ।

१.३.८ आयोगको अन्य काम, कर्तव्य र अधिकार नियमावली, निर्देशिका, कार्यविधिहरु र लोक सेवा आयोगले अवलम्बन गरेका मूल्यमान्यता र अभ्यास बमोजिम हुनेछन् ।

१.३.९ आयोगले सम्पादन गर्नुपर्ने कार्यहरूको लागि निर्देशिका, कार्यविधिहरु र मापदण्डहरु आवश्यकता अनुसार निर्माण तथा संशोधन गर्न सक्नेछ ।

## १.४ उद्देश्य र कार्यक्षेत्र

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उमेदवार छनौटमा योग्यता, स्वच्छता, निश्पक्षता, समान अवसर, समावेशिता र गोपनीयता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने प्रदेश लोक सेवा आयोगको प्रमुख उद्देश्य रहेको छ ।

उक्त उद्देश्य प्राप्तिका लागि आयोगले गण्डकी प्रदेश सरकारका सम्पूर्ण मन्त्रालय तथा मातहतका कार्यालय र कास्की, स्याङ्जा, तनहुँ, गोरखा, लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी, बागलुङ, पर्वत, नवलपरासी (बर्दघाट सुस्तापूर्व) गरी यस प्रदेशका ११ जिल्लाका १ महानगरपालिका, २६ नगरपालिका र ५८ वटा गाउँपालिका गरी जम्मा ८५ वटा स्थानीय तहहरु यसको कार्य क्षेत्रभित्र पर्दछन् । आयोगले प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा

स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाका सेवामा रिक्त हुन आएका विभिन्न पदहरूको स्थायी पदपूर्तिको लागि सिफारिस गर्दछ । आयोगको कार्यालय पोखरा महानगरपालिका वडा नं. १७ मुस्ताङ चोकमा रहेको छ र आवश्यकताको आधारमा शाखा कार्यालय/सेवा केन्द्रहरु पनि विस्तार हुदै जानेछन् ।

## १.५ आयोगका प्रमुख कार्यहरू

आयोगले प्रदेश तथा स्थानीय तहहरूमा रिक्त हुन आएका विभिन्न सेवा, समूह, उप-समूहका विभिन्न पद पूर्तिको लागि देहाय बमोजिमका कार्यहरु गर्दछ ।

क) पाठ्यक्रम तर्जुमा
ख) शैक्षिक योग्यताको निर्धारण
ग) पद पूर्तिको लागि विज्ञापन
घ) प्रश्नपत्र तयारी र परिमार्जन
ङ) परीक्षा सञ्चालन
च) लिखित परीक्षा नतिजा प्रकाशन
छ) अन्तर्वार्ता तथा सिफारिस
ज) अध्ययन, अनुसन्धान तथा अन्वेषण
झ) परामर्श प्रदान
ञ) सुझाव प्रदान
ट) समन्वय र सहयोग
ठ) निरीक्षण र अनुगमन
ड) सामान्य सिद्धान्तको निर्धारण
ढ) वार्षिक प्रतिवेदन पेश

## १.६ सिद्धान्त र मापदण्ड अवलम्बन

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदको पदपूर्तिको लागि उमेदवार छनौटलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन लोक सेवा आयोगले सङ्घीय कानुनबमोजिम अपनाएको अभ्यास, विधि र मापदण्डलाई आयोगले अवलम्बन गर्ने गरेको छ ।

## १.७ प्रतिवेदन

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५० ले गरेको व्यवस्था बमोजिम आयोगले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ । आयोगले स्थापना कालदेखि नै वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्दै आएको छ ।

## परिच्छेद दुई

# आयोगका कार्यसम्पादनका आधारहरू

### २.१ संस्थागत प्रबन्ध

नेपालको संविधानमा प्रदेश लोक सेवा आयोग गठनको व्यवस्था रहेकोमा सोही बमोजिम आवश्यक कानुन निर्माण तथा कर्मचारी व्यवस्थापन गरी प्रदेश लोक सेवा आयोगको स्थापना, गठन र सञ्चालन भएको छ ।

### २.१.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा २४४ मा प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था गरिएको छ । यस अनुसार प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने, प्रदेश लोक सेवा आयोगको गठन, काम कर्तव्य र अधिकार प्रदेश कानुन बमोजिम हुने र सङ्घीय संसदले कानुन बनाई आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था रहेको छ ।

### २.१.२ कानुनी व्यवस्था

नेपालको संविधानको धारा २४४ को उपधारा (२) ले आयोगको गठन, काम कर्तव्य र अधिकार प्रदेश कानुन बमोजिम हुने व्यवस्था गरेको छ । सोअनुसार गण्डकी प्रदेशको प्रदेश सभाबाट मिति २०७६।०४।२६ मा जारी भएको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई कार्यसम्पादनको मुख्य कानुनी आधारको रूपमा अङ्गीकार गरिएको छ । कार्यसम्पादनका सिलसिलामा आधार मानिएका कानुन तथा सिद्धान्तहरू देहायअनुसारका रहेका छन्;

१) नेपालको संविधान
२) प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५
३) प्रदेश लोक सेवा आयोग ऐन, २०७६
४) प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०७६
५) प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७७
६) गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०७८
७) प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७८
८) प्रदेश लोक सेवा आयोग खर्च (व्यवस्थापन) कार्यविधि, २०७८
९) प्रदेश लोक सेवा आयोग दस्तुर र शुल्क निर्धारण कार्यविधि, २०७८
१०) प्रदेश लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विशेषज्ञ र कर्मचारीहरूको आचारसंहिता, २०७८
११) लोक सेवा आयोगले अवलम्बन गरेका सिद्धान्त, कार्यविधि, अभ्यास र मापदण्ड

### २.१.३ सङ्गठन संरचना, उद्देश्य र कार्यक्षेत्र

**क) सङ्गठन संरचना:** आयोगको स्वीकृत संगठन संरचना देहाय अनुसार रहेको छ ।




**ख) दरबन्दी तेरिज र कार्यरत जनशक्ति:** आयोगको स्वीकृत सङ्गठन संरचनामा जम्मा ४९ दरबन्दी रहेकोमा प्रतिवेदन अवधिसम्म ३६ पदपूर्ति भई १३ पद रिक्त रहेको अवस्था छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ;

**तालिका नं. एक**

**आयोगको दरबन्दी तेरिज र कार्यरत जनशक्ति सम्वन्धी विवरण**

| सि.नं | पद | श्रेणी/तह | स्वीकृत सङ्ख्या | कार्यरत सङ्ख्या |
|---|---|---|---|---|
| १ | सचिव | रा.प. प्रथम श्रेणी/अधिकृतस्तर ११/१२ तह | १ | १ |
| २ | उप- सचिव | रा.प. द्वितीय श्रेणी/अधिकृतस्तर ९/१० तह, प्रशासन | २ | १ |
| ३ | उप- सचिव | रा.प. द्वितीय श्रेणी/अधिकृतस्तर ९/१० तह, शिक्षा | १ | १ |
| ४ | उप- सचिव | रा.प.द्वितीय श्रेणी/अधिकृतस्तर ९/१० तह, कानुन | १ | १ |
| ५ | शा.अ. | रा.प. तृतीय श्रेणी/अधिकृतस्तर ७/८ तह, प्रशासन | ४ | ५ |
| ६ | शा.अ. | रा.प. तृतीय श्रेणी/अधिकृतस्तर ७/८ तह, शिक्षा | १ | - |
| ७ | ले.अ. | रा.प. तृतीय श्रेणी/अधिकृतस्तर ७/८ तह, लेखा | १ | १ |
| ८ | क.ईन्जिनियर | रा.प. तृतीय श्रेणी/अधिकृतस्तर ७/८ तह, विविध | १ | - |

| | | | | |
|---|---|---|---|---|
| ९ | कानुनअधिकृत | रा.प. तृतीय श्रेणी/ अधिकृतस्तर ७/८ तह, कानुन | १ | १ |
| १० | अधिकृत | अधिकृतस्तर ६ तह, प्रशासन | ६ | ५ |
| ११ | अधिकृत | अधिकृतस्तर ६ तह, विविध | ३ | २ |
| १२ | सहायक | सहायकस्तर ४/५ तह, प्रशासन | १० | ४ |
| १३ | कम्प्युटर अपरेटर | सहायकस्तर ४/५ तह, विविध | ३ | २ |
| १४ | सहायक | सहायकस्तर ४/५ तह, लेखा | १ | - |
| १५ | ह.स.चा. | श्रेणीविहिन (सेवा करारमा) | ६ | ६ |
| १६ | का.स. | श्रेणीविहिन (सेवा करारमा) | ७ | ७ |
| | | **जम्मा** | **४९** | **३६** |

## २.२ कार्यसम्पादनका सिद्धान्तहरू

संविधानले निर्दिष्ट गरेबमोजिम प्रदेश लोक सेवा आयोगको गठन भई आवश्यक नीति तथा कानुनका आधारमा सञ्चालन हुँदै आएको छ । आयोगले लोक सेवा आयोगले अवलम्बन गरेका अभ्यास, विधि र मापदण्डलाई मार्गनिर्देशक सिद्धान्त मानी आफ्ना काम कारबाही अगाडि बढाउँदै आएको छ ।

### २.२.१ योग्यताको सिद्धान्त

आयोगबाट सञ्चालन हुने परीक्षाहरूमा अब्बल ठहर्ने उमेदवारलाई मात्र नियुक्तिका लागि सिफारिस गरिन्छ । सम्बन्धित पदको कार्यसम्पादन गर्न सक्ने ज्ञान, सिप, मनोभावना आदिको परीक्षण गर्ने गरी पाठ्यक्रम निर्माण हुने र सोही पाठ्यक्रम बमोजिम परीक्षा सञ्चालन हुने हुँदा नियुक्तिका लागि सिफारिस हुने उमेदवार सो पदको कार्य सम्पादनका लागि क्षमतावान् हुने विश्वास गरिन्छ ।

### २.२.२ निष्पक्षताको सिद्धान्त

आयोगका निर्णयहरू पूर्वाग्रहरहित हुन्छन् । आयोगका निर्णय र परीक्षा सम्बन्धी काम कारवाहीबाट कोही कसैलाई अन्याय नहुनेमा पूर्ण सजगता अपनाइन्छ भने कुनै पनि ढङ्गले कसैलाई पनि पक्षपात गरिदैंन ।

### २.२.३ स्वच्छताको सिद्धान्त

आयोगका सम्पूर्ण काम कारवाहीहरूमा इमान्दारिता, जिम्मेवारीपन, विश्वसनीयता र उत्तरदायित्व सुनिश्चित गरिन्छ । आयोगले लिने निर्णयहरू र आयोगबाट सञ्चालन हुने क्रियाकलापलाई स्वच्छ र वस्तुपरक बनाउन आवश्यक संस्थागत, संरचनागत एवं कार्यविधिगत प्रबन्ध गरिन्छ ।

### २.२.४ समान अवसरको सिद्धान्त

आयोगबाट हुने विज्ञापनमा सम्बन्धित पदका लागि योग्यता पुग्ने नेपाली नागरिकको पहुँच सुनिश्चित गर्न आवश्यक प्रबन्ध मिलाइन्छ । सम्बन्धित विज्ञापनका लागि तोकिएको योग्यता पुग्ने सबैलाई दरखास्त पेश गर्न समान अवसर प्रदान गरिन्छ ।

### २.२.५ समावेशिताको सिद्धान्त

पदपूर्तिका लागि आयोगमा प्राप्त माग पदहरू राज्यको समावेशीकरण नीति बमोजिम प्रतिशत निर्धारण गरी सम्बन्धित समूहका उमेदवार बिच मात्र प्रतिस्पर्धा हुने गरी पदपूर्ति गरिन्छ । अन्तरवार्ता समिति गठन गर्दा समावेशी सहभागिता सुनिश्चित गर्ने प्रावधान रहेको हुन्छ ।

### २.२.६ द्विअन्ध सिद्धान्त

पदपूर्ति प्रक्रियाको कुनै गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विज्ञ वा कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणमा संलग्न गराइदैन र जानकारी समेत दिइदैन । उत्तरपुस्तिका परीक्षण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण गरेको हो भन्ने जानकारी हुँदैन । प्राप्ताङ्क तालिकीकरण गर्ने कर्मचारी कुन प्राप्ताङ्क कस्को हो भन्ने बारेमा पूर्णतः अनभिज्ञ रहन्छ । अन्तर्वार्ता समितिका सदस्यहरु अन्तर्वार्ता दिँदै गरेको उमेदवारको लिखित परीक्षाको प्राप्ताङ्क बारेमा पूर्णतः अनभिज्ञ रहन्छन् । त्यस्तै आयोगका हरेक महाशाखा/शाखाहरूलाई विशिष्टीकृत जिम्मेवारी प्रदान गरिएको हुन्छ । कुनै एक महाशाखा/शाखाको कार्यसम्पादनमा अर्को महाशाखा/शाखाको प्रत्यक्ष पहुँच र संलग्नता रहँदैन ।

### २.२.७ परिचय शून्यताको सिद्धान्त

उत्तरपुस्तिका परीक्षण गर्नु अघि दोहोरो सङ्केतीकरण (Double Coding) प्रक्रिया मार्फत उक्त उत्तरपुस्तिकाबाट दरखास्त दिने उमेदवारको परिचय अलग गरिन्छ । यसबाट उत्तरपुस्तिकाको निश्पक्ष र निर्वैयक्तिक परीक्षण सुनिश्चित हुन्छ । त्यस्तै उत्तरपुस्तिका परीक्षण पश्चात बैयक्तिक पहिचान विहिन रुपमा प्राप्ताङ्कको तालिका तयार पारिन्छ । अन्तर्वार्ता लगायत छनौट प्रक्रियामा सम्पूर्ण परीक्षाका अङ्कहरु एकीकृत गरे पश्चात मात्र छनौट हुने उमेदवारको बैयक्तिक पहिचान विसङ्केतीकरण (De–coding) प्रक्रिया मार्फत पत्ता लगाइन्छ ।

### २.२.८ असंलग्नताको सिद्धान्त

आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा आयोगका पदाधिकारी, कर्मचारी वा विज्ञका नातेदार संलग्न भएको अवस्थामा त्यस्ता पदाधिकारी, कर्मचारी वा विज्ञलाई उक्त परीक्षाको नतिजा प्रकाशन सम्मको प्रक्रियाबाट अलग राखिन्छ, संलग्न गराइदैन ।

### २.२.९ गोपनीयताको सिद्धान्त

परीक्षा प्रणालीलाई पूर्णतः विश्वसनीय बनाउने प्रयोजनको लागि पदपूर्ति प्रक्रियाका विभिन्न चरणहरुमा आयोगले गोपनीयता राख्दछ । आयोगबाट लिइने विभिन्न परीक्षाका प्रश्नपत्रहरुको परिमार्जन र छनौटको कार्य पूर्ण गोप्य रहन्छ । परीक्षार्थीको लिखित परीक्षाको प्राप्ताङ्क अन्तिम नतिजा प्रकाशन हुने बेलासम्म गोप्य रहन्छ । आयोगको अनलाइन डाटावेसमा रहेका व्यक्तिगत सूचनाहरु गोप्य रहेको सुनिश्चित गरिन्छ । यसरी पदपूर्ति प्रक्रियाका अधिकांश चरणहरुमा पूर्ण गोपनीयताका साथ साथै गुणस्तरीयता सुनिश्चित गरिन्छ ।

## २.३ कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह

प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा उपयुक्त उमेदवार छनौट गरी सिफारिस गर्दा आयोगले अवलम्बन गर्ने कार्य प्रक्रियालाई तलको चित्रमा प्रस्तुत गरिएको छ ।

*चित्र १ पदपूर्ति सम्बन्धी कार्यप्रवाह*




### २.३.१ वार्षिक कार्यतालिका

आयोगले आर्थिक वर्ष सुरु भएको पहिलो दिन पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका सार्वजनिक गर्दछ । कार्यतालिकामा उक्त आर्थिक वर्षभित्र सञ्चालन गरिने पदपूर्ति सम्बन्धी सम्पूर्ण कार्यहरु समावेश गरिएको हुन्छ ।

### २.३.२ विज्ञापन प्रकाशन

प्रदेश निजामती सेवाको हकमा सेवा सञ्चालन गर्ने मन्त्रालयले रिक्त दरबन्दी अनुसारको पद, सेवा, समूह, उपसमूह र तह खुल्ने गरी माग आकृती फाराम भरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत पठाउनु पर्दछ भने स्थानीय तहहरूले रिक्त दरबन्दी अनुसारको पद, सेवा, समूह, उपसमूह र तह समेत खुल्ने गरी माग आकृती फाराम भरी सिधै प्रदेश लोक सेवा आयोगमा पठाउनु पर्ने व्यवस्था गरिएको छ । मागका आधारमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम प्रतिशत निर्धारण गरी बढुवा, आन्तरिक प्रतियोगिता, खुला तथा समावेशी पदहरूमा पद सङ्ख्या छुट्टयाइ लिखित परीक्षा हुने मिति र समय निर्धारण गरी आयोगले विज्ञापन प्रकाशन गरी दरखास्त आव्हान गर्दछ । यस्तो विज्ञापन गोरखापत्र तथा आयोगको वेबसाइट र फेसबुक पेजमा समेत प्रकाशन गरिन्छ ।

### २.३.३ दरखास्त सङ्कलन एवम् स्वीकृति

विज्ञापन प्रकाशन भएपछि सूचनामा दिइएको म्यादभित्र खुला, समावेशी तथा आन्तरिक प्रतियोगिताका विज्ञापनमा अनलाइन प्रणाली मार्फत दरखास्त सङ्कलन गरिन्छ भने बढुवा तर्फका दरखास्त फाराम आयोगको कार्यालयमा नै बुझाउनु पर्दछ । सङ्कलन गरिएका दरखास्त आयोगबाट तोकिएका कर्मचारीहरूबाट रूजु एवम् स्वीकृत गरी अन्तिम नामावली प्रकाशन गरिन्छ ।

आयोगले विज्ञापन प्रकाशन गर्नुभन्दा अगाडि आवश्यक देखिएमा सङ्कलन गरिएको रिक्त पद सङ्ख्या यकिन गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्ने र यसरी लेखी आएमा सम्बन्धित निकायले ७ दिनभित्र यकिन विवरण उपलब्ध गराउनु पर्ने व्यवस्था प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७८ को दफा ८ को उपदफा (४) मा रहेको छ ।

### २.३.४ लिखित परीक्षा

विज्ञापन प्रकाशन भएसँगै विज्ञापित पदहरूको परीक्षा सञ्चालनका लागि सङ्केतका आधारमा सूचीकृत दक्ष वा विशेषज्ञहरूबाट कच्चा प्रश्नपत्र निर्माण गरिन्छ । परीक्षामा प्रयोग हुने प्रश्नपत्र परिमार्जन गर्ने दक्ष वा विशेषज्ञबाट कच्चा प्रश्न पत्र निर्माण कुन विज्ञबाट गरिएको हो भन्नेबारे जानकारी दिइँदैन। दक्ष वा विशेषज्ञबाट परिमार्जन भएका प्रश्नका सिलवन्दी सेट मध्येवाट आयोगका अध्यक्षले तोकेको प्रश्न सेट छपाई तथा सिलबन्दी गरी लिखित परीक्षा सञ्चालनमा प्रयोग गरिन्छ ।

### २.३.५ उत्तरपुस्तिका सङ्केतीकरण र परीक्षण

प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७८ को परिच्छेद ८ मा उत्तरपुस्तिका परीक्षण सम्बन्धी व्यवस्था रहेको छ । लिखित परीक्षामा बस्तुगत बहुउत्तर प्रश्न मात्र हुने हकमा एउटा मात्रै उत्तरपुस्तिका प्रयोग गरिन्छ । लिखित परीक्षामा विषयगत परीक्षा दिनुपर्ने एक भन्दा बढी खण्ड हुने प्रश्नको हकमा प्रत्येक खण्डका लागि फरक फरक उत्तरपुस्तिका प्रयोग गरिन्छ । प्रत्येक खण्ड आवश्यकता अनुसार फरक फरक विज्ञद्वारा आयोगको कार्यालयमा नै परीक्षण गराइन्छ । आवश्यकता अनुसार उत्तरपुस्तिकाहरु दोहोरो परीक्षण समेत गरिन्छ । वस्तुगत उत्तरपुस्तिकाहरु Optical Mark Reader (OMR) प्रविधिबाट परीक्षण गर्ने व्यवस्था मिलाइएको छ ।

### २.३.६ लिखित परीक्षा नतिजा

प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७८ को परिच्छेद ९ मा लिखित परीक्षाको नतिजा सम्बन्धी व्यवस्था रहेको छ । प्रदेश लोक सेवा आयोगमा सूचीकृत दक्ष वा विशेषज्ञवाट सम्बन्धित विषयका उत्तरपुस्तिका परीक्षण गराई उमेदवारले प्राप्त गरेको प्राप्ताङ्क तथा माग पद सङ्ख्या को

आधारमा सम्बन्धित विज्ञापनमा अधिकतम अङ्क प्राप्त गर्ने उमेदवारहरूको सङ्केत नम्बरका आधारमा नतिजा प्रमाणित गरी नतिजामा समावेश भएका सङ्केत नम्बर मात्र नतिजा प्रकाशन गर्न लिखित परीक्षा नतिजा तयारी शाखाबाट सम्बन्धित शाखामा पठाइन्छ र सो शाखाबाट नाम विसङ्केतीकरण गरी नामको वर्णानुक्रमको आधारमा नतिजा प्रकाशन गरिन्छ ।

### २.३.७ लिखित परीक्षा नतिजा प्रकाशन

लिखित परीक्षा नतिजा तयारी शाखाबाट उत्तीर्ण उमेदवारहरूको दोस्रो सङ्केत/बारकोड नम्बरका आधारमा तयार भएको योग्यताक्रम सूचीअनुसार उच्चत्तम अङ्क प्राप्त गर्ने उमेदवारहरूलाई क्रमशः खुला तथा समावेशी समूहअनुसार विसङ्केतीकरण गरी उमेदवारको विवरण पत्ता लगाइन्छ । विसङ्केतीकरण फाराम तयार गरी अन्तिम नतिजा प्रकाशनका लागि सम्बन्धित शाखामा पठाइन्छ । अन्तरवार्तामा छनौट भएका उमेदवारहरूको वर्णानुक्रमअनुसार रोल नं., नामथर, बाबु, बाजे र छनौट भएको समावेशी समूह राखी अन्तरवार्ता कार्यक्रम सहित सूचना प्रकाशन गरिन्छ ।

### २.३.८ सामूहिक छलफल

प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७८ को दफा ५२ बमोजिम सातौं र आठौं तहका पदहरूमा लिखित परीक्षाबाट छनौट भएका उमेद्वारहरूको लागि अन्तर्वार्ता अगाडि मूल्याङ्कन समितिले दिएको विषयवस्तुमा सामूहिक छलफल सञ्चालन गर्ने गरिन्छ । दिइएको विषयवस्तुमा सहभागीले छलफल एवम् विश्लेषण गरी प्रस्तुति गर्ने गर्दछन् । समस्या पहिचान गर्न सक्ने क्षमता, समाधानका उपाय पत्ता लगाउने क्षमता, तार्किक क्षमता, मौलिकता र सृजनशीलता, व्यवहार, बौद्धिक क्षमता, निर्णय गर्न सक्ने क्षमता, नेतृत्व लिन सक्ने क्षमता र धैर्य लगायतका विषयहरूका आधारमा उमेदवारहरूको मूल्याङ्कन गरिन्छ ।

### २.३.९ प्रयोगात्मक परीक्षा

प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७८ को दफा ५१ मा व्यवस्था भएबमोजिम पाठ्यक्रमको आधारमा प्रयोगात्मक परीक्षा तथा कम्प्युटर सिप परीक्षण सञ्चालन गर्ने गरिन्छ ।

### २.३.१० अन्तरवार्ता र सिफारिस

लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भएका उमेदवारहरूको अन्तर्वार्ता लिने गरिन्छ । अन्तर्वार्ताका लागि आयोगका अध्यक्ष वा अध्यक्षले तोकेको सदस्य वा सचिवको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ सम्मिलित अन्तर्वार्ता समिति गठन गरी उमेदरहरूको अन्तर्वार्ता लिइने गरिएको छ । उक्त अन्तर्वार्ताको लागि पाठ्यक्रमले निर्दिष्ट गरेबमोजिम पूर्णाङ्क तोकिएको हुन्छ । लिखित परीक्षाको कुल प्राप्ताङ्क, प्रयोगात्मक परीक्षा, सिप परीक्षण, सामूहिक छलफल र अन्तर्वार्तामा प्राप्त अङ्कको योगको आधारमा अधिकतम अङ्क प्राप्त गर्ने उमेदवारलाई योग्यताक्रमको आधारमा नियुक्तिका लागि सिफारिस गरिन्छ ।

### २.३.११ कार्य विभाजन र अधिकार प्रत्यायोजन

आयोगको काम कारवाहीलाई व्यवस्थित गर्न प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० को व्यवस्थाअनुसार आयोगका पदाधिकारीको देहाय बमोजिम कार्य विभाजन गरी कार्यसम्पादन गरिदैं आएको छ;

## तालिका नं. दुई
## कार्यविभाजन र अधिकार प्रत्यायोजन सम्बन्धी विवरण

| क्र.सं | पदाधिकारीको नाम | जिम्मेवारी |
|---|---|---|
| १. | अध्यक्ष<br>श्री विष्णुप्रसाद नेपाल | • परीक्षा सञ्चालन तथा व्यवस्थापन<br>• प्रश्नपत्र परिमार्जन, अन्तरवार्ता तथा सिफारिस<br>• कानुन |
| २. | सदस्य<br>श्री कल्पना लम्साल | • परीक्षण प्रविधि<br>• पाठ्यक्रम<br>• अनुसन्धान तथा विकास |
| ३. | सदस्य<br>श्री योगेन्द्र गौचन | • दरखास्त व्यवस्थापन<br>• प्रकाशन तथा सूचना प्रविधि<br>• कच्चा प्रश्नपत्र सङ्कलन<br>• लिखित परीक्षा नतिजा तयारी |

## परिच्छेद तीन

# प्रशासनिक र वित्तीय/भौतिक प्रगति

### ३.१ बैठक तथा निर्णय

प्रतिवेदन अवधिमा आयोगका ३० वटा बैठकबाट विभिन्न प्रकृतिका ४९ वटा निर्णय भएका छन् । निर्णय भएका विषयहरु र निर्णय सङ्ख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. तीन**

**आयोगका निर्णयहरूको विषयगत वर्गीकरण**

| क्र.सं | निर्णयका विषयहरू | निर्णय सङ्ख्या आ.व. २०७८/७९ |
|---|---|---|
| १ | पाठ्यक्रम तथा मूल्याङ्कन | ५ |
| २ | परीक्षा, अन्तर्वार्ता र नतिजा | २४ |
| ३ | विभागीय सजायको परामर्श | - |
| ४ | बढुवा सम्बन्धी | - |
| ५ | नीति नियम सम्बन्धी | ४ |
| ६ | शैक्षिक योग्यता | - |
| ७ | कार्य विभाजन | २ |
| ८ | दक्ष विज्ञको सूची | २ |
| ९ | निरीक्षण | २ |
| १० | विविध | १० |
| | **जम्मा** | **४९** |

### ३.२ क्षमता विकास

आयोगमा कार्यरत कर्मचारीको क्षमता विकासका लागि कर्मचारीहरूलाई कार्यसम्पादन र उत्प्रेरणा सम्बन्धी तालिम तथा गोष्ठीहरू सम्पन्न भएका छन् ।

### ३.३ बजेट निकासा र खर्च

आर्थिक वर्ष २०७८/७९ का लागि विभिन्न शीर्षकहरुमा कुल १३,१२,२७,००० बजेट विनियोजन भएको छ । विनियोजित बजेट मध्ये ब.उ.शी.नं. २१००००१३ पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधा शीर्षकमा ५८ लाख ६९ हजार बजेट प्राप्त भएकोमा ५१ लाख ७१ हजार ३० रुपैया अर्थात ८८.११ प्रतिशत खर्च भएको छ । ब.उ.शी.नं. २१००००११३ चालू खर्च शीर्षकमा ११ करोड तीन लाख ५८ हजार बजेट प्राप्त भएकोमा आठ करोड ९६ लाख दुई हजार ७७ रुपैया अर्थात् ८१.१९ प्रतिशत खर्च भएको छ । त्यसैगरी ब.उ.शी.नं. २१००००११४ पूँजीगत तर्फ एक करोड ५० लाख बजेट प्राप्त भएकोमा एक करोड ३९ लाख ७९ हजार ४५ रुपैया खर्च भई ९३.२ प्रतिशत प्रगति हासिल भएको छ । खर्चको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं. चार
### विनियोजित बजेट, निकासा र खर्च (रू हजारमा)

| क्र.सं | बजेट उपशीर्षक नं. | वार्षिक बजेट | खर्च | बजेट बाँकी | खर्च प्रतिशतमा |
|---|---|---|---|---|---|
| १ | ३१००००१३ (चालु) | ५८६९.०० | ५१७१.०३ | ६९७.९७ | ८८.११ |
| २ | ३१००००११३ (चालु) | ११०३५८.०० | ८९६०२.७७ | २०७५५.२३ | ८१.१९ |
| ३ | ३१००००११४ (पुँजीगत) | १५०००.०० | १३९७९.४५ | १०२०.५६ | ९३.२ |
| | **कुल जम्मा** | **१३१२२७** | **१०८७५३.२५** | **२२४७३.७६** | **८२.८७** |

### ३.४ राजस्व र धरौटी
आयोगको दरखास्त सङ्कलन र अन्य कार्यबाट प्राप्त हुन आएको राजस्व तथा धरौटी रकमको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं. पाँच
### दरखास्त सङ्कलन तथा अन्य कार्यबाट सङ्कलित राजस्व र धरौटी (रू हजारमा)

| क्र.सं | कार्यालय | राजश्व | धरौटी |
|---|---|---|---|
| १ | प्रदेश लोक सेवा आयोग, गण्डकी | ८५६००.६४ | १६०.८९ |

### ३.५ विज्ञापन भएको पद सङ्ख्या, दरखास्त र राजस्वको तुलना
आयोगले प्रकाशन गरेको विज्ञापनमा आवेदन गर्ने उमेदवारले दरखास्त दस्तुरबापत तोकिएको शुल्क बुझाउनु पर्दछ । आयोगले प्रकाशन गरेको विज्ञापनमा एक लाख ८१ हजार दुईसय २२ जना उमेदवारहरूले दुई लाख ८६ हजार १२ वटा दरखास्त दिएको देखिन्छ । प्रतिवेदन अवधिमा सङ्कलन भएको राजस्वको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं. छ
### दरखास्त र राजस्वको स्थिति

| आर्थिक वर्ष | २०७८/७९ |
|---|---|
| उमेदवार सङ्ख्या | १८१२२२ |
| दरखास्त सङ्ख्या | २८६०१२ |
| परीक्षा दस्तुर वापतको राजश्व (रु. हजारमा) | ८५५९१.७४ |
| अन्य राजस्व (रु. हजारमा) | ८.९ |
| **कुल राजस्व (रू. हजारमा)** | **८५६००.६४** |

### ३.६ बेरूजु
आर्थिक वर्ष २०७७/०७८ को लेखा परीक्षण गराउँदा रु ४१ लाख ३७ हजार बेरूजु कायम भएकोमा आ.व. २०७८/०७९ को अन्त्य सम्म ३८ लाख ५३ हजार फछ्र्यौट भएको छ । जुन कुल बेरूजुको ९३.३ प्रतिशत रहेको छ । बाँकी बेरूजु रकम फछ्र्यौटको क्रममा रहेको छ । आयोगको आ.व. २०७७/७८ मा रहेको बेरूजुको विवरण देहाय वमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. सात

बेरूजु फछ्र्यौटको स्थिति (रकम रू हजारमा)

| क्र.सं | विवरण | रकम |
|---|---|---|
| कुल बेरूजु | २०७७।७८ सम्मको बेरूजु | ४१३७.०० |
| जम्मा फछ्र्यौट | २०७८।७९ सम्मको फछ्र्यौट | ३८५३.०० |
| बाँकी बेरूजु | २०७८।७९ सम्मको बाँकी | २८४.०० |
| फछ्र्यौट प्रतिशत | | ९३.१३ |

## ३.७ निरीक्षण

प्रदेश र स्थानीय तहहरूमा कर्मचारीहरूको नियुक्ति, बढुवा र विभागीय कारबाहीका क्रियाकलापहरु कानुनबमोजिम सञ्चालन भएका छन्/छैनन् भन्ने सम्बन्धमा आयोगबाट प्रदेश स्तरका कार्यालय र स्थानीय तहहरूको निरीक्षण गर्ने गरिएको छ । उल्लिखित कार्यालयबाट भए गरेका नियुक्ति, बढुवा, स्तरवृद्धि प्रचलित कानुनअनुकूल हुने गरी परिपालना गराउन आयोगको निरीक्षण कार्य महत्त्वपूर्ण रहन्छ ।

कार्यालयहरूको निरीक्षण गर्ने क्रममा दरबन्दी संरचना, पदपूर्ति भएका र रिक्त दरबन्दी, पदपूर्तिका प्रकार/किसिमहरू, अस्थायी, करार तथा ज्यालादारीमा भएका नियुक्तिहरू, आयोगबाट अवलम्बन गरिएको सिद्धान्त अनुसार कर्मचारीहरूको पदस्थापना, नियुक्ति भए/नभएको लगायतका विषयहरूमा निरीक्षण गरिएको छ ।

प्रदेश लोक सेवा आयोग ऐन तथा नियमावलीले तोकेबमोजिम विभिन्न स्थानीय तहमा आयोगको परामर्शबिना गरिएका स्तरवृद्धि र बढुवा सम्बन्धी कार्य बदर गरिनुका साथै कर्मचारीको सेवाका शर्त सम्वन्धी कानुननिर्माण गर्दा, नियुक्ति, बढुवा र विभागीय सजाय गर्दा अपनाउनु पर्ने सिद्धान्त लगायतका विषयमा आयोगको परामर्श माग गर्न लेखी पठाइएको छ ।

## ३.८ परामर्श

प्रतिवेदन अवधिमा कर्मचारीहरूको सेवाका शर्तहरु विषयमा कानुन निर्माण गर्दा आयोगको परामर्श लिनुपर्ने व्यवस्था अन्तर्गत ८ वटा परामर्श माग भई आएका छन् । अन्य विषयमा कुनै परामर्श माग भई आएन ।

परिच्छेद चार

# परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम

आयोगले रिक्त पदमा उमेदवार छनौट गर्दा सम्बन्धित पदका लागि आवश्यक नवीनतम परीक्षण प्रविधिको प्रयोग र सम्बन्धित पदका निम्ति आवश्यक पर्ने शैक्षिक योग्यता र पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्दै आएको छ ।

## ४.१ परीक्षण प्रविधि

आयोगले प्रदेश तथा स्थानीय तह लगायत विभिन्न सार्वजनिक सेवामा उमेदवार छनौट गर्दा सेवा/समूह विशेषका साझा गुणहरूको परीक्षण गर्ने गरी विभिन्न परीक्षण प्रविधिहरूको प्रयोग गर्दै आएको छ । लोक सेवा आयोगले प्रतिपादन गरेका अभ्यास, विधि तथा मापदण्डलाई आधार मानी परीक्षणका विभिन्न औजारहरू प्रयोग गरी उमेदवार छनौट गर्ने गरिएको छ । सातौं र आठौं तहका पदहरूमा सामूहिक परीक्षण, चौथो र पाँचौं तहका पदहरूमा पाठ्यक्रमले निर्दिष्ट गरेबमोजिम कम्प्युटर सिप परीक्षण/प्रयोगात्मक परीक्षा लगायत उमेदवार छनौटका विभिन्न नवीनतम विधिहरू अवलम्बन गर्दै लगिएको छ ।

## ४.२ पाठ्यक्रम

प्रतिवेदन अवधिमा आयोगले विभिन्न सेवा समूहका प्राविधिक र अप्राविधिक तर्फका चौथो तहदेखि नवौं तहसम्म ३७ प्रकारका पदहरूको पाठ्यक्रम निर्माण गरेको छ । पाठ्यक्रम निर्माण गर्दा मूलतः लोक सेवा आयोगको पाठ्यक्रमलाई आधार मानी दक्ष वा विशेषज्ञहरूको सहयोग लिने गरिएको छ। निर्माण भएका पाठ्यक्रमको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. आठ

पाठ्यक्रम निर्माण सम्बन्धी विवरण

| क्र.सं. | सेवा, समूह | तह |
|---|---|---|
| १. | स्वास्थ्य सेवा, मेडिकल जनरलिस्ट समूह | नवौं |
| २. | स्वास्थ्य सेवा, मेडिकल ल्याब टेक्नोलोजी समूह, जनरल मेडिकल ल्याब टेक्नोलोजी उपसमूह | नवौं |
| ३. | स्वास्थ्य सेवा, प्याथोलोजी समूह, जनरल प्याथोलोजी उपसमूह | नवौं |
| ४. | स्वास्थ्य सेवा, डर्माटोलोजी समूह | नवौं |
| ५. | स्वास्थ्य सेवा, प्याथोलोजी समूह, माइक्रोबायोलोजी (ब्याक्टेरियोलोजी) उपसमूह | नवौं |
| ६. | स्वास्थ्य सेवा, रेडियोलोजी समूह | नवौं |
| ७. | स्वास्थ्य सेवा, मेडिसिन समूह | नवौं |
| ८. | स्वास्थ्य सेवा, एनेस्थेसियोलोजी समूह | नवौं |
| ९. | स्वास्थ्य सेवा, साईकियाट्री समूह | नवौं |

| | | |
|---|---|---|
| १०. | स्वास्थ्य सेवा, सर्जरी समूह, अर्थोपेडिक सर्जन | नवौं |
| ११. | स्वास्थ्य सेवा, सर्जरी समूह, जनरल सर्जरी उपसमूह | नवौं |
| १२. | स्वास्थ्य सेवा, अब्स्ट्रेटिक्स तथा गाईनोकोलोजी समूह | नवौं |
| १३. | स्वास्थ्य सेवा, पेडियाट्रिक्स समूह, पेडियाट्रिक मेडिसिन उपसमूह | नवौं |
| १४. | स्वास्थ्य सेवा, पब्लिक हेल्थ एडमिनिष्ट्रेसन समूह | नवौं |
| १५. | स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह | नवौं |
| १६. | स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेज समूह | नवौं |
| १७. | स्वास्थ्य सेवा, जनरल नर्सिङ्ग समूह | नवौं |
| १८. | स्वास्थ्य सेवा, विविध समूह | सातौं |
| १९. | स्वास्थ्य सेवा, पब्लिक हेल्थ नर्सिङ (कम्युनिटी नर्सिङ) समूह | सातौं |
| २०. | स्वास्थ्य सेवा, फिजियोथेरापी समूह | सातौं |
| २१. | स्वास्थ्य सेवा, फार्मेसी समूह | सातौं |
| २२. | स्वास्थ्य सेवा, मेडिकल ल्याब टेक्नोलोजी समूह | सातौं |
| २३. | स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूह | सातौं |
| २४. | स्वास्थ्य सेवा, पब्लिक हेल्थ नर्सिङ्ग समूह | पाँचौं |
| २५. | स्वास्थ्य सेवा, रेडियोग्राफी समूह | पाँचौं |
| २६. | स्वास्थ्य सेवा, विविध समूह, एनेस्थेसिया सहायक | पाँचौं |
| २७. | विविध सेवा, (कम्प्युटर अपरेटर) | पाँचौं |
| २८. | कृषि सेवा, मत्स्य/ला.पो.एण्ड डे.डे.,/भेटेरिनरी समूह | पाँचौं |
| २९. | कृषि सेवा | पाँचौं |
| ३०. | आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूह | पाँचौं |
| ३१. | न्याय/प्रशासन (एकीकृत) सेवा, कानून/सा.प्र./लेखा/आ.ले.प. समूह, सहायक | पाँचौं |
| ३२. | विविध सेवा, (महिला विकास निरीक्षक) | पाँचौं |
| ३३. | इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, स्यानिटरी उपसमूह, (खा.पा.स.टे.) | पाँचौं |
| ३४. | विविध सेवा, (सहायक महिला विकास निरीक्षक) | चौथो |
| ३५. | विविध सेवा, (सहायक कम्प्युटर अपरेटर) | चौथो |
| ३६. | इञ्जिनियरिङ्ग सेवा, सर्भे समूह | चौथो |
| ३७. | प्रशासन सेवा, सा.प्र./ लेखा समूह | चौथो |

### ४.३ सेवा तथा तहगत पाठ्यक्रम निर्माण

प्रतिवेदन अवधिमा आर्थिक योजना तथा तथ्याङ्क, इन्जिनियरिङ, कृषि, प्रशासन, विविध र स्वास्थ्य सेवाका ३७ वटा पदको पाठ्यक्रम निर्माण गरिएको छ । यस सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. नौ**

**पाठ्यक्रम निर्माण (प्रदेश तथा स्थानीय), परिमार्जन र संशोधन सम्बन्धी विवरण**

| तह | सेवा | सङ्ख्या |
|---|---|---|
| चौथो | | ५ |
| | इञ्जिनियरिङ्ग | २ |
| | प्रशासन | १ |
| | विविध | २ |
| पाँचौं | | ९ |
| | आर्थिक योजना तथा तथ्याङ्क | १ |
| | कृषि | २ |
| | न्याय/प्रशासन (एकीकृत) | १ |
| | | | | |
|---|---|---|---|---|
| १२. | धानुक | ३ | ११ | १४ |
| १३. | विश्वकर्मा | ६ | ७ | १३ |
| १४. | सार्की | ७ | ३ | १० |
| १५. | कलवार | ५ | ४ | ९ |
| १६. | राई | ५ | ४ | ९ |
| १७. | गुरूङ | ७ | १ | ८ |
| १८. | चमार | २ | ६ | ८ |
| १९. | सुडी | ५ | ३ | ८ |
| २०. | खत्वे | २ | ५ | ७ |
| २१. | दलित | ४ | ३ | ७ |
| २२. | धोवी | १ | ६ | ७ |
| २३. | महतो | २ | ५ | ७ |
| २४. | कुर्मी | १ | ५ | ६ |
| २५. | साह | ३ | ३ | ६ |
| २६. | इस्लाम | | ५ | ५ |
| २७. | कानु | १ | ४ | ५ |
| २८. | कुम्हार | १ | ४ | ५ |
| २९. | ठाकुर | २ | ३ | ५ |
| ३०. | तत्मा | १ | ४ | ५ |
| ३१. | सुनार | १ | ४ | ५ |
| ३२. | दमाइ | १ | ३ | ४ |
| ३३. | मण्डल धानुक | २ | २ | ४ |
| ३४. | लिम्बु | १ | ३ | ४ |
| ३५. | वाराही | | ४ | ४ |
| ३६. | शेर्पा | ४ | | ४ |
| ३७. | सोनार | ४ | | ४ |
| ३८. | कुशवाहा | २ | १ | ३ |
| ३९. | जैसवाल | २ | १ | ३ |
| ४०. | मधेशी | २ | १ | ३ |
| ४१. | मुस्लिम | २ | १ | ३ |
| ४२. | लोहार | | ३ | ३ |
| ४३. | वराही | | ३ | ३ |
| ४४. | वानिया | | ३ | ३ |

| | | | | |
|---|---|---|---|---|
| ४५. | सुनुवार | १ | २ | ३ |
| ४६. | अमात | १ | १ | २ |
| ४७. | केवट | | २ | २ |
| ४८. | चेपाङ | १ | १ | २ |
| ४९. | चौधरी | | २ | २ |
| ५०. | जिरेल | २ | | २ |
| ५१. | दस्नामी | | २ | २ |
| ५२. | पण्डित | १ | १ | २ |
| ५३. | बढही | | २ | २ |
| ५४. | बरै | २ | | २ |
| ५५. | बाराही | १ | १ | २ |
| ५६. | याख्या | २ | | २ |
| ५७. | राजधोव | | द्द | २ |
| ५८. | सहनी(मल्लाह) | | २ | २ |
| ५९. | हजाम | | २ | २ |
| ६०. | हलवाई | | २ | २ |
| ६१. | कथबानिया | | १ | १ |
| ६२. | कायस्थ | | १ | १ |
| ६३. | कोहार | | १ | १ |
| ६४. | गन्दर्भ | | १ | १ |
| ६५. | गिरी | | १ | १ |
| ६६. | गुप्ता | १ | | १ |
| ६७. | घर्ती / भुजेल | | १ | १ |
| ६८. | जनजाति | १ | | १ |
| ६९. | थकाली | १ | | १ |
| ७०. | दनुवार | १ | | १ |
| ७१. | दुधवार | १ | | १ |
| ७२. | दुसाद | १ | | १ |
| ७३. | देव | १ | | १ |
| ७४. | नुनिया | | १ | १ |
| ७५. | पटेल | १ | | १ |
| ७६. | बैठा | | १ | १ |
| ७७. | मल्ह | | १ | १ |

| | | | | |
|---|---|---|---|---|
| ७८. | महतारा | | १ | १ |
| ७९. | महरा | | १ | १ |
| ८०. | माझी | | १ | १ |
| ८१. | मुगल | | १ | १ |
| ८२. | मेहता | १ | | १ |
| ८३. | रजक | | १ | १ |
| ८४. | राजी | | १ | १ |
| ८५. | लहेरा | | १ | १ |
| ८६. | लाप्चा | १ | | १ |
| ८७. | लामा | १ | | १ |
| ८८. | वनिया | | १ | १ |
| ८९. | विन | | १ | १ |
| ९०. | सन्यासि | | १ | १ |
| ९१. | सिंह | १ | | १ |
| ९२. | ब्यासी | | १ | १ |
| | | **५२१** | **६६३** | **११८४** |

### ७.२.१० धर्मगत सिफारिसको अवस्था

प्रतिवेदन अवधिमा सिफारिस भएका उमेदवारले दरखास्त फाराममा उल्लेख गरेको धर्मसम्बन्धी विवरणअनुसार हिन्दु, बौद्ध, ईसाई, मुस्लिम, र अन्य धर्मावलम्बीहरु रहेका छन् । सबैभन्दा बढी हिन्दु धर्मावलम्बी सिफारिस भएका छन् । यस सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३९**

**धर्मगत सिफारिस विवरण**

| धर्म | महिला | पुरूष | कुल जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| हिन्दु | ४९० | ६४१ | ११३१ | ९५.५२ |
| बौद्ध | २५ | ६ | ३१ | २.६२ |
| ईसाई | ३ | ६ | ९ | ०.७६ |
| मुस्लिम | २ | ६ | ८ | ०.६८ |
| अन्य | १ | ४ | ५ | ०.४२ |
| **कुल जम्मा** | **५२१** | **६६३** | **११८४** | **१००.००** |

### ७.२.११ सिफारिस भएका उमेदवारको वैवाहिक अवस्था

प्रतिवेदन अवधिमा सिफारिस भएका उमेदवारले दरखास्त फाराममा उल्लेख गरेको वैवाहिक अवस्था विश्लेषण गर्दा विवाहित उमेदवारहरु १७.४८ प्रतिशत र अविवाहित उमेदवारहरु ८२.५२ प्रतिशत रहेका छन् । यस सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४०

वैवाहिक अवस्था

| | महिला | पुरूष | कुल जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| विवाहित | १११ | ९६ | २०७ | १७.४८ |
| अविवाहित | ४१० | ५६७ | ९७७ | ८२.५२ |
| **कुल जम्मा** | **५२१** | **६६३** | **११८४** | १००.०० |

*चित्र १० - वैवाहिक अवस्था*




## ७.३ विज्ञापन भएको पद सङ्ख्या भन्दा कम सङ्ख्यामा सिफारिस भएका विज्ञापनहरू

प्रतिवेदन अवधिमा खुल्लातर्फ स्वास्थ्य सेवा, मेडिकल अधिकृत आठौं तहमा माग पद सङ्ख्या नौ रहेकोमा सात जना उमेदवार सिफारिस भएको तथा खुलातर्फ कृषि सेवा, ला.पो. एण्ड डे.डे चौथो तहमा माग पद सङ्ख्या ४३ रहेकोमा ३४ जना उमेदवार सिफारिस भएका छन् ।

## परिच्छेद आठ

# समावेशी पदपूर्ति

सार्वजनिक सेवामा समावेशीकरणका लागि प्रचलित कानुनमा भएको व्यवस्था अनुरूप आयोगले प्रतिवेदन अवधिमा तोकिएका समावेशी समूहका उमेदवारबिच प्रतिस्पर्धा गराइ पदपूर्ति गरेको छ । यसका लागि निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) मा रहेको प्रावधान अनुरूप खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदहरूमध्ये ४५ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी महिलाको लागि ३३ प्रतिशत, आदिवासी जनजातिका लागि २७ प्रतिशत, मधेसीका लागि २२ प्रतिशत, दलितका लागि नौ प्रतिशत, अपाङ्गता भएका व्यक्तिका लागि पाँच प्रतिशत र पिछडिएको क्षेत्रको लागि चार प्रतिशत पदहरु छुट्याई सोही समूहभित्रकै उमेदवारहरु बिच प्रतिस्पर्धा गराई पदपूर्ति गरिन्छ ।

### ८.१ समावेशी समूहतर्फ विज्ञापन

प्रतिवेदन अवधिमा प्रदेश र स्थानीय तहका कुल १४३ विज्ञापनमध्ये समावेशीतर्फ ६६ विज्ञापनहरु प्रकाशन भएका छन् । उक्त विज्ञापनमा विभिन्न पदका ४६१ सङ्ख्यामा समावेशी समूहका उमेदवार हरूका लागि लक्षित गरी विज्ञापन प्रकाशन गरिएको थियो । त्यसरी भएका विज्ञापनहरूमा समावेशी समूहमा १,०४,८४३ जनाको आवेदन परेको थियो । जुन कुल आवेदनको ५७.८५ प्रतिशत हुन आउँछ भने समावेशीतर्फ प्रति पद सङ्ख्या  औसतमा २२८ जनाले प्रतिस्पर्धा गरेको देखिन्छ ।

### ८.२ समावेशी समूहतर्फ सिफारिसको अवस्था

प्रतिवेदन अवधिमा समावेशी समूहतर्फ महिलाका लागि गरिएको विज्ञापनमा १९७, मधेशीतर्फ ६९ र दलिततर्फ २९ जना उमेदवार सिफारिस भएको देखिन्छ भने कुल सिफारिस सङ्ख्या ११८४ को समावेशी प्रतिशत ३३.११ हुन आउँछ । यस सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४१

समावेशी समूहगत सिफारिस विवरण

| समावेशी | महिला | पुरूष | जम्मा |
|---|---|---|---|
| महिला | १९७ | - | १९७ |
| आदिवासी/जनजाति | ४१ | ५६ | ९७ |
| मधेसी | १६ | ५३ | ६९ |
| दलित | ७ | २२ | २९ |
| समावेशी जम्मा | २६१ | १३१ | ३९२ |
| खुला | १५२ | ६४० | ७९२ |
| कुल जम्मा | ४१३ | ७७१ | ११८४ |
| समावेशी प्रतिशत | ६३.२० | १६.९९ | ३३.११ |

### ८.२.१ महिला समूहबाट सिफारिसको अवस्था

प्रतिवेदन अवधिमा महिलाहरूको लागि मात्र गरिएको समावेशी विज्ञापनमा कुल १९७ जना महिला उमेदवार सिफारिस भएका छन् । खुला र समावेशी विज्ञापन समेत गरी जम्मा ४१३ जना महिला उमेदवार स्थायी नियुक्तिको लागि सिफारिस भएका छन् यो सङ्ख्या कुल सिफारिस सङ्ख्याको ३४.८८ प्रतिशत हुन आउँछ । सिफारिस भएका महिलाहरूमध्ये खुलातर्फ ३७ प्रतिशत र समावेशी समूहतर्फ ६३ प्रतिशत रहेको छ । यसको विस्तृत विवरण तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

***चित्र नं. ११ खुला र समावेशी समूहमा महिला सिफारिसको अवस्था***




### ८.२.२ आदिवासी/जनजाति समूहबाट सिफारिसको अवस्था

प्रतिवेदन अवधिमा आदिवासी/जनजातिका लागि मात्र लक्षित विज्ञापनबाट ४१ महिला र ५६ पुरुष गरी ९७ जना उमेदवार सिफारिस भएका छन् । यो सङ्ख्या कुल सिफारिस सङ्ख्याको ८.१९ प्रतिशत हुन आउँछ ।

***चित्र नं. १२ आदिवासी जनजातितर्फ सिफारिसको अवस्था***



### ८.२.३ मधेशी समूहबाट सिफारिसको अवस्था

प्रतिवेदन अवधिमा मधेशी समूहलाई मात्र लक्षित समावेशी विज्ञापनवाट १६ महिला र ५३ पुरुष गरी जम्मा ६९ जना उमेदवारहरु सिफारिस भएका छन् । जुन कुल सिफारिस भएका उमेदवार सङ्ख्या को ५.८ प्रतिशत हुन आउँछ ।

***चित्र नं. १३ मधेशी तर्फको विज्ञापनमा सिफारिस***




### ८.२.४ दलित समूहबाट सिफारिसको अवस्था

प्रतिवेदन अवधिमा दलित समूहलाई मात्र लक्षित समावेशी विज्ञापनहरुबाट ७ जना महिला र २२ जना पुरुष गरी जम्मा २९ जना उमेदवार सिफारिस भएका छन् । जुन सङ्ख्या कुल सिफारिस भएका उमेदवार सङ्ख्याको २.४५ प्रतिशत हुन आउँछ ।

***चित्र नं. १४ दलित विज्ञापनको सिफारिस***



## ८.३ तहगत समावेशी सिफारिसको अवस्था

प्रतिवेदन अवधिमा प्रदेश र स्थानीयतर्फ चौथो, पाँचौं र आठौं तहमा सिफारिस भएका उमेदवारहरूमध्ये प्रदेशतर्फ चौथो तहमा ४४.८ प्रतिशत र स्थानीय तहतर्फ सोही तहमा अधिक ३५.२५ प्रतिशत समावेशी उमेदवार सिफारिस भएका छन् । यस सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४२

तहगत समावेशी उमेदवार सिफारिसको विवरण

| तह | खुला | महिला | आ.ज. | मधेसी | दलित | समावेशी जम्मा | कुल जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| प्रदेश | | | | | | | | |
| चौथो | १६ | ६ | ३ | २ | २ | १३ | २९ | ४४.८३ |
| पाँचौं | २७ | ८ | ३ | ३ | २ | १६ | ४३ | ३७.२१ |
| आठौं | २ | १ | | | | १ | ३ | ३३.३३ |
| स्थानीय | | | | | | | | |
| चौथो | ५६४ | १४२ | ७९ | ६२ | २४ | ३०७ | ८७१ | ३५.२५ |
| पाँचौं | १७६ | ३९ | १२ | २ | १ | ५४ | २३० | २३.४८ |
| आठौं | ७ | १ | | | | १ | ८ | १२.५० |
| **कुल जम्मा** | **७९२** | **१९७** | **९७** | **६९** | **२९** | **३९२** | **११८४** | |

## परिच्छेद नौ

# साङ्गठनिक सुधार र नवप्रवर्तन

### ९.१ रणनीतिक योजना निर्माण

आयोग स्थापनाको शुरुवाती अवस्थामा रहेको कारण वार्षिक कार्ययोजना निर्माण गरी तोकिएको काम कारवाही सम्पन्न हुँदै आएको छ । काम कारवाहीलाई योजनावद्ध र व्यवस्थित रुपमा अगाडि बढाउन रणनीतिक योजना निर्माण गर्ने सोँच अगाडि सारिएको छ ।

### ९.२ सेवाग्राही र विज्ञहरूको संलग्नता अभिवृद्धि

आयोगको अनलाइन पोर्टल ppsc.gandaki.gov.np मार्फत् आयोगको विज्ञापनमा आवेदन गर्न चाहने आवेदकहरूले आवेदन गर्न पाउने व्यवस्था गरिएको छ । आर्थिक वर्ष २०७८/०७९ मा मात्रै ३ लाख बढी आवेदकहरूले यस अनलाइन प्रणालीको प्रयोग गरेको देखिन्छ । त्यसै गरी दक्ष वा विशेषज्ञको सूचीमा समावेश हुन चाहने व्यक्तिहरूको लागि समेत अनलाइन प्रणालीमार्फत् सूचीकृत हुन सक्ने व्यवस्था मिलाइएको छ । साथै सेवाग्राही एवम् सरोकारवालाहरूले आयोगको कामकारवाहीका बारेमा अनलाइन पोर्टलमार्फत् पृष्ठपोषण दिन सक्ने व्यवस्था गरी सहभागितामूलक प्रणालीलाई प्रबर्द्धधन गर्न खोजिएको छ ।

### ९.३ संस्थागत क्षमता अभिवृद्धि

आयोगको संस्थागत क्षमता अभिवृद्धि गर्न प्रदेश सरकार, लोक सेवा आयोग तथा विभिन्न निकायहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । यस कार्य अन्तर्गत अभिमुखीकरण, तालिम, सेमिनार, गोष्ठी, सम्मेलनमा सहभागिता, अवलोकन भ्रमण, अन्तरप्रदेश अनुभव आदान-प्रदान कार्यक्रमहरूमा सहभागिता रहँदै आएको छ । साथै निकट भविष्यमा आयोगका क्रियाकलापहरूलाई सूचना प्रविधिमैत्री बनाउन दीर्घकालीन रणनीति अनुरूप थप प्रभावकारी बनाउने योजना रहेको छ ।

### ९.४ पूर्वाधार विकास

आयोगको कार्यालय व्यवस्थित तुल्याई आवश्यक पूर्वाधार थप गर्न कार्यालय भवनको तलामा चार कोठा थप गरिएको, सूचना प्रविधिका सामग्री अन्तर्गत विभिन्न उपकरणहरु खरिद गरी आफ्नै भवनमा कम्प्युटर सिप परीक्षण तथा प्रयोगात्मक परीक्षा कार्यक्रम सञ्चालन गरिएको छ । कर्मचारीलाई सूचना प्रविधिमैत्री कार्य सम्पादन गर्ने संरचना तयार गरी कार्यान्वयनमा ल्याइएको छ । कर्मचारीको डेस्क व्यवस्थापन, उत्तरपुस्तिका परीक्षण हल, प्रश्नपत्र छपाई तथा परिमार्जन र अन्तर्वार्तामा समावेश हुने उमेदवारको पूर्व तयारीका लागि फर्निचर सहितको कोठा व्यवस्थापन गरिएको छ ।

### ९.५ व्यवस्थापकीय विषयहरूमा सुधार

आयोगको कर्मचारी सङ्गठन तालिकामा उल्लेख भएका महाशाखा र शाखामा कर्मचारीको पदपूर्ति हुँदै गएको छ । प्रतिवेदन अवधिमा आयोगमा रहेका ४ वटा महाशाखा मध्ये ३ वटा महाशाखामा महाशाखा प्रमुख र ८ वटा शाखामा मध्ये ७ वटा शाखामा जनशक्ति व्यवस्थापन भएको छ भने अन्य फाँटहरूमा पनि कर्मचारीहरूको परिपूर्ति हुँदै गएको छ । विज्ञापन भएका पदहरूमा पेश गरिने दरखास्त दस्तुरलाई अनलाइन प्रणालीमार्फत् सोझै राजस्व खातामा जम्मा हुने व्यवस्था गरिएको छ । उमेदवारबाट दरखास्त दस्तुर प्राप्त भएको, दरखास्त स्वीकृत भएको लगायतका सूचना सम्प्रेषण गर्न

SMS सेवा सञ्चालन गरिएको छ, यसले गर्दा आवेदकलाई आयोगको महत्त्वपूर्ण सूचना प्राप्त गर्न सहज भएको छ ।

### ९.६ लोक सेवा आयोगहरूको सम्मेलन

क) प्रदेश लोक सेवा आयोग १ नं. प्रदेशको आयोजनामा मिति २०७८ साल पौष १८ र १९ गते विराटनगरमा आयोजित सातै प्रदेश लोक सेवा आयोगहरूको दोस्रो अन्तर प्रदेश लोक सेवा आयोग कार्यशाला गोष्ठी सम्पन्न भएको छ । कार्यक्रममा प्रदेश लोक सेवा आयोगका पदाधिकारी र सचिव तथा लोक सेवा आयोगको समेत प्रतिनिधित्व रहेको थियो । उक्त कार्यक्रममा अनुभवको आदान-प्रदान, सम्पादन गरिएका असल अभ्यासहरु कार्य सम्पादनमा आइपरेका समस्या र चुनौतीहरूबारे छलफल भएको थियो । कार्यक्रममा आयोगका पदाधिकारीहरूको सक्रिय सहभागिता रहेको थियो । सम्मेलनले प्रदेश लोक सेवा आयोगका काम कारवाहीसँग सम्बन्धित १८ बुँदे घोषणापत्र जारी गरेको छ ।

ख) लोक सेवा आयोगको आयोजना र प्रदेश लोक सेवा आयोगहरूको सहभागितामा मिति २०७८ साल फागुन २३ गते देखि बुटवलमा लोक सेवा आयोगहरूको दुई दिने दोस्रो राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ । उक्त सम्मेलनमा आयोगका पदाधिकारी र सचिवको सक्रिय सहभागिता रहेको थियो । सो कार्यक्रममा लोक सेवा आयोगको प्रतिष्ठा र मर्यादालाई कायम गर्ने, काम कारवाहीमा एकरूपता ल्याउने, अनुभव आदान-प्रदान गर्ने, असल अभ्यासहरूको प्रस्तुति, लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगको सहकार्य सम्बन्धमा नौ बुँदे घोषणापत्र जारी भएको छ ।

### ९.७ सिफारिस भएका उमेदवारहरूको अभिमुखीकरण

आयोगको संयोजन तथा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको सहयोग तथा आयोगको आफ्नै व्यवस्थापनमा प्रदेश र स्थानीय तहमा सिफारिस भएका ९५९ जना उमेदवारहरूलाई एक दिने सेवा प्रवेश अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ । अभिमुखीकरण कार्यक्रममा आयोगका पदाधिकारी, प्रदेश सरकारका प्रमूख सचिव, सचिवहरु आयोगका सचिव लगायत सम्बन्धित मन्त्रालयका विषय विज्ञहरूको सहभागिता रहेको थियो । कार्यक्रमको सहजीकरण आयोगका पदाधिकारी एवम् सम्बन्धित विषय विज्ञबाट गरिएको थियो । अभिमुखीकरण कार्यक्रमका मुख्य विषयवस्तुहरूमा आयोगको भूमिका, कर्मचारीहरूले पालना गर्नुपर्ने आचारसंहिता, सिफारिस भएका उमेदवारहरूले नियुक्ति लिएपछि सम्पादन गर्नुपर्ने कार्य जिम्मेवारी लगायतका विषयहरु समावेश गरिएको थियो ।

### ९.८ अन्तर्क्रिया र गोष्ठी

परीक्षालाई अनुशासित, मर्यादित र व्यवस्थित रूपमा सञ्चालन गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी, पोखरा महानगरपालिकाका कर्मचारीहरूसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । परीक्षा केन्द्र रहेका विद्यालय र क्याम्पसका शिक्षक कर्मचारीहरूलाई परीक्षा सञ्चालनसँग सम्बन्धित नीति नियम र आचारसंहिता सम्बन्धमा एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।

आयोगका कर्मचारीहरूको क्षमता विकास गरी कार्य सम्पादनमा प्रभावकारिता ल्याउने उद्देश्यले एक दिने क्षमता विकास तथा प्रगति समीक्षा कार्यक्रम सञ्चालन गरिएको छ । उक्त कार्यक्रममा आयोगका पदाधिकारीहरूको उपस्थिति तथा कर्मचारीहरूको सहभागिता रहेको थियो । कार्यक्रमको विषयवस्तु कर्मचारी उत्प्रेरणा, क्षमता विकास, कर्मचारीको निष्ठा र सदाचारिता अभिवृद्धि गर्ने रहेको थियो ।

### ९.९ विद्यार्थी अभिमुखीकरण

सार्वजनिक प्रशासनप्रति विद्यार्थीहरूलाई आकर्षित गर्ने प्रयोजनको लागि आयोगको आयोजनामा पहिलो चरणमा पोखरा बहुमुखी क्याम्पसको संयोजनमा उक्त क्याम्पसमा अध्ययनरत ६० जना विद्यार्थीहरूलाई आयोगको उद्देश्य, भूमिका, परीक्षा प्रणाली र कार्य सम्पादन प्रक्रियाका विषयमा एक दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो ।

### ९.१० प्रथम वार्षिकोत्सव

माननीय प्रदेश प्रमूख पृथ्वीमान गुरूङज्यूको प्रमूख आतिथ्यतामा माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलज्यू, माननीय सभामूख नेत्रनाथ अधिकारीज्यू र प्रदेश सभामा प्रतिपक्षी दलका नेता माननीय पृथ्वीसुब्बा गुरूङज्यूको उपस्थितिमा २०७८ साल चैत्र ११ गते आयोगको प्रथम वार्षिकोत्सव समारोह सम्पन्न भएको छ । समारोहमा विभिन्न प्रदेशका प्रदेश लोक सेवा आयोगका अध्यक्षज्यूहरु, प्रमुख सचिव, प्रदेश सरकारका सचिव, प्रदेश सरकार अन्तर्गतका सङ्गठित संस्थाका प्रमुखहरु, सुरक्षा निकायका प्रमुख लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा लोक सेवा आयोगका पूर्व अध्यक्ष उमेशप्रसाद मैनालीबाट **सङ्घीय शासन प्रणालीमा लोक सेवा आयोगको भूमिका** विषयक कार्यपत्र प्रस्तुत गरिएको थियो । उक्त कार्यक्रममा आयोगका एक जना उत्कृष्ट कर्मचारीलाई प्रोत्साहन गरिनुका साथै आयोगका उपलब्धि, समस्या र चुनौतीहरु विषयमा छलफल एवम् विचार विमर्श भएको थियो । कार्यक्रममा प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेश, प्रथम वार्षिकोत्सव स्मारिकाको विमोचन प्रमुख अतिथि माननीय प्रदेश प्रमुखज्यूबाट भएको थियो । स्मारिकामा आयोगले हासिल गरेका उपलब्धि, आयोगको कार्य प्रगति र सार्वजनिक प्रशासन सम्बन्धी लेख रचना समावेश गरिएको छ ।

परिच्छेद दश

# ध्यानाकर्षण, सुझाव र भावी योजना

आयोगले कार्यसम्पादनका क्रममा अनुभूत गरेका निम्न विषयहरूमा ध्यानाकर्षण र सुझाव प्रस्तुत गरिएको छ ।

### १०.१ ध्यानाकर्षण

- प्रदेश लोक सेवा आयोग गठन भई प्रदेश तथा स्थानीय तहमा रिक्त पदहरूमा आयोगले उमेदवार छनौटको कार्य गर्दै आएको छ। प्रदेश निजामती सेवा ऐन र स्थानीय सरकारी सेवा ऐनको अभावमा बढुवासम्बन्धी काम कारबाही अगाडि बढाउन नसक्दा कर्मचारीहरूको वृत्ति विकास अवरूद्ध हुनुका साथै सबै रिक्त पदहरूमा निर्बाध रूपमा पदपूर्ति हुन सकेको छैन ।
- प्रदेश लोक सेवा आयोग ऐनको प्रावधान अनुसार आयोगको परामर्शमा कर्मचारीको सेवा, शर्त सम्बन्धी ऐन जारी गर्नुपर्नेमा त्यस्तो परामर्श बिना जारी गरिएका कानुन र सोही बमोजिम गरिएका बढुवा/स्तरवृद्धि/तहवृद्धि बदर गरिएको छ । आयोगको यस निर्णय उपर कतिपय निकायबाट अदालतमा रिट दायर गरेको अवस्था छ भने कतिपय स्थानीय तहबाट आयोगको निर्णय कार्यान्वयन नगरेको अवस्था छ । प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सरकारी सेवा ऐन नहुँदा परामर्श माग गरी आएका विषयमा परामर्श उपलब्ध गराउन समेत बाधा परेको छ ।
- प्रदेश एवम् स्थानीय तहहरूमा कर्मचारीहरूको कमी छ । तर रिक्त रहेका सबै पदमा माग नपठाउने प्रवृति छ । यसरी रिक्त पदमा माग नपठाई करार सेवाबाट कर्मचारी भर्ना गर्ने गरिएको छ । यसले योग्यता प्रणालीको संरक्षण एवम् समावेशी सुनिश्चितता गर्ने आयोगको दायित्व निर्वाह गर्न समेत बाधा परेको छ ।
- प्रदेश सरकार र स्थानीय तहबाट माग भई आयोगबाट विज्ञापन भएका पदमा समेत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सरूवा तथा समायोजन संशोधन गरी कर्मचारी पठाउने कार्य नरोक्दा सिफारिस भएका उमेदवारहरूले नियुक्ति प्राप्त गर्न कठिनाई भएको गुनासो समेत आउने गरेको छ ।
- आयोगको आफ्नै जग्गा तथा भवन नभएकाले भाडाको घरमा कार्यालय सञ्चालन गर्नुपर्दा कार्यसम्पादन प्रक्रिया असहज भएको छ ।

### १०.२ सुझाव

- प्रदेश निजामती सेवा ऐन र स्थानीय सरकारी सेवा ऐन शीघ्र जारी हुनुपर्ने ।
- प्रदेश सरकार र स्थानीय तहहरूले रिक्त पदमा आयोगको वार्षिक कार्यतालिका अनुसार समयमै माग गरी पठाउनुपर्ने ।
- संवैधानिक एवम् कानूनी व्यवस्था बमोजिम प्रदेश निजामती सेवा एवम् स्थानीय सरकारी सेवा शर्त सम्बन्धी कानुननिर्माण गर्नुपूर्व र नियुक्ति, बढुवा र विभागीय सजाय गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तका विषयमा आयोगको परामर्श लिनुपर्ने ।
- प्रदेश सरकार र स्थानीय तहबाट माग भई आयोगबाट विज्ञापन भएका पदमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सरूवा तथा समायोजन संशोधन भई आउने कार्य रोकिनुपर्ने ।
- प्रदेश सरकारबाट आयोगका लागि आवश्यक जग्गा तथा भवनको व्यवस्था गर्नुपर्ने ।

### १०.३ सुझाव कार्यान्वयन

आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदनमा उल्लिखित सुझावहरु कार्यान्वयनको अवस्था निम्न बमोजिम रहेको छ ।

- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ कार्यान्वयन गर्न आवश्यक नियमावली बनाउने अधिकार र सो ऐन कार्यान्वयन गर्न बाधा अड्काउ परेमा ऐनको भावनामा प्रतिकूल असर नपर्ने गरी आवश्यक बाधा अड्काउ फुकाउने अधिकारसमेत आयोगलाई हुने गरी यथाशीघ्र ऐन संशोधन परिमार्जन हुनुपर्ने भन्ने विषयमा संशोधन परिमार्जन भइनसकेको अवस्था छ ।
- प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय सङ्गठित संस्थाको सेवा गठन र सञ्चालन गर्ने ऐन लगायत सम्बन्धित अन्य ऐन, नियमहरू जारी हुनुपर्ने भन्ने सुझाव रहेकोमा उक्त कार्यमा प्रगति हुन सकेको छैन ।
- स्थानीय तहहरूले स्थानीय सरकारी सेवा एवं सङ्गठित संस्थाको सेवा सञ्चालन सम्बन्धी कुनै पनि कानुननिर्माण गर्दा र ती पदमा कुनै नियुक्ति, बढुवा वा विभागीय कारबाही गर्नुपूर्व अनिवार्य रूपमा तोकिएबमोजिम आयोगको परामर्श लिनुपर्ने सुझाव रहेकोमा परामर्शका लागि केही प्रदेश सङ्गठित संस्था र स्थानीय तहबाट माग भई आएको तर सेवा शर्त सम्बन्धी कानुनको अभावमा परामर्श प्रदान गर्न सकिएको छैन ।
- आयोगको आफ्नै भवन निर्माणका लागि प्रदेश सरकारले पहल गरिदिनुपर्ने सुझाव रहेकोमा हालसम्म प्रगति हुन सकेको छैन ।

### १०.४ भावी योजना

- आयोगको रणनैतिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याउने ।
- सूचना प्रविधि प्रणालीको विकास र अद्यावधिक गर्ने ।
- निर्माण गर्न बाँकी रहेका प्राविधिक/अप्राविधिक पदहरूको पाठ्यक्रम निर्माण गर्नुका साथै निर्माण भएका पाठ्यक्रमहरूको समायानुकुल परिमार्जन गर्ने ।
- आयोगको परीक्षा प्रणाली र परीक्षण विधिलाई समयानुकूल बनाउन आधुनिक प्रविधिको प्रयोग गर्ने ।
- आयोगको कामकारबाहीमा थप गुणस्तरीयता ल्याउन अनुसन्धान तथा विकासमा जोड दिने ।
- आयोगको संस्थागत क्षमता अभिवृद्धिको लागि जनशक्तिको क्षमता विकास एवम् भौतिक पूर्वाधारलाई थप व्यवस्थित बनाउँदै लैजाने ।
- आयोगको कामकारवाहीसँग सम्बद्ध सरोकारवाला पक्षहरूसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।
- प्रदेश सरकारका कार्यालय र स्थानीय तहमा आयोग समक्ष माग गरिएको राय परामर्श, सोको कार्यान्वयनको अवस्था एवम् सङ्गठन संरचना, दरबन्दी, रिक्त पद, पदपूर्तिको अवस्था, नियुक्ति, बढुवा र विभागीय सजायको सम्वन्धमा अनुगमन तथा निरीक्षण गर्ने ।
- आयोगबाट सिफारिस भएका कर्मचारीहरूको कार्यस्थलमा रहेको कार्यसम्पादनको विषयमा सरोकारवालाहरूबाट पृष्ठपोषण लिई सुझाव दिने प्रणालीको विकास गर्ने ।
- युवा पिंढी/नव प्रतिभाहरूलाई सार्वजनिक प्रशासन र आयोगको परीक्षा प्रणालीप्रति सुसूचित एवम् आकर्षित गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।
- पाठ्यक्रम निर्माण, परीक्षाका प्रश्नपत्र निर्माण तथा परिमार्जन कार्यमा संलग्न हुने दक्ष विशेषज्ञ एवम् आयोगका कर्मचारी लगायतको ज्ञान अभिवृद्धि गर्नका साथै उमेदवारहरूबाट प्रयोग गर्न सकिने गरी पुस्तक, सन्दर्भ सामाग्री र सूचना प्रविधि सहितको ज्ञान केन्द्र स्थापना गर्ने ।

अनुसूची एक

# प्रदेश लोक सेवा आयोग

### गण्डकी प्रदेश, पोखरा

## आ.व. २०७९/०८० को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका

क. प्रदेश निजामती सेवा तर्फः

| सि. नं. | तह | पदपूर्तिको किसिम | माग संकलन तथा प्रतिशत निर्धारण | विज्ञापन सूचना प्रकाशन | परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|
| १. | नवौं र एघारौं तहका अप्राविधिक/प्राविधिक) पदहरु | खुला, आ.प्र. | श्रावण | भाद्र दोस्रो बुधबार | कार्तिक/मंसीर | मंसीर/पुस | पुस/माघ |
| | | बढुवा | | | | | |
| २. | स्वास्थ्य सेवाका आठौं तहका (प्राविधिक) पदहरु | खुला | भाद्र | आश्विन दोस्रो बुधबार | मंसीर/पुस | माघ/फागुन | फागुन/चैत्र |
| ३. | सातौं तहका (प्राविधिक/अप्राविधिक) पदहरु | आ.प्र. | भाद्र | आश्विन दोस्रो बुधबार | | | |
| | | बढुवा | | | | | |
| | | खुला – प्रथम चरण | | | मंसीर/पुस | पुस/माघ | चैत्र/ बैशाख |
| | | खुला – द्वितीय चरण | | | माघ/फागुन | फागुन/चैत्र | |
| ४. | पाँचौं तहका (प्राविधिक अप्राविधिक) पदहरु | आ.प्र. | आश्विन | कार्तिक दोस्रो बुधबार | | | |
| | | बढुवा | | | | | |
| | | खुला – प्रथम चरण | | | पुस/माघ | माघ/फागुन | जेष्ठ/आषाढ |
| | | खुला – द्वितीय चरण | | | फागुन/चैत्र | चैत्र/बैशाख | |
| ५. | चौथो तहका (प्राविधिक/अप्राविधिक) पदहरु | आ.प्र. | कार्तिक | मंसीर दोस्रो बुधबार | | | |
| | | बढुवा | | | | | |
| | | खुला – प्रथम चरण | | | माघ/फागुन | चैत्र/बैशाख | आषाढ |
| | | खुला – द्वितीय चरण | | | बैशाख/जेष्ठ | जेष्ठ/आषाढ | |
| ६. | श्रेणी विहिन (वनरक्षक/गेमस्काउट) | खुला – प्रथम चरण | भाद्र | आश्विन दोस्रो बुधबार | कार्तिक/मंसीर | पुस/माघ | फागुन/चैत्र |
| | | खुला – द्वितीय चरण | | | माघ/फागुन | | |

ख. स्थानीय सरकारी सेवा तर्फः

| सि. नं. | तह | पदपूर्तिको किसिम | माग संकलन तथा प्रतिशत निर्धारण | विज्ञापन सूचना प्रकाशन | परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|
| १. | नवौं र एघारौं तहका अप्राविधिक/प्राविधिक) पदहरु | खुला, आ.प्र. | श्रावण | भाद्र दोस्रो बुधबार | कार्तिक/मंसीर | मंसीर/पुस | पुस/माघ |
| | | बढुवा | | | | | |
| २. | स्वास्थ्य सेवाका आठौं तहका (प्राविधिक) पदहरु | खुला | भाद्र | आश्विन दोस्रो बुधबार | मंसीर/पुस | माघ/फागुन | फागुन/चैत्र |
| ३. | छैटौं/ सातौं तहका (प्राविधिक/अप्राविधिक) पदहरु | आ.प्र. | भाद्र | आश्विन दोस्रो बुधबार | | | |
| | | बढुवा | | | | | |
| | | खुला – प्रथम चरण | | | मंसीर/पुस | पुस/माघ | चैत्र/बैशाख |
| | | खुला – द्वितीय चरण | | | माघ/फागुन | फागुन/चैत्र | |
| ४. | पाँचौ तहका (प्राविधिक अप्राविधिक) पदहरु | आ.प्र. | आश्विन | कार्तिक दोस्रो बुधबार | | | |
| | | बढुवा | | | | | |
| | | खुला – प्रथम चरण | | | पुस/माघ | माघ/फागुन | आषाढ |
| | | खुला – द्वितीय चरण | | | फागुन/चैत्र | चैत्र/बैशाख | |
| ५. | चौथो तहका (प्राविधिक/अप्राविधिक) पदहरु | आ.प्र. | कार्तिक | मंसीर दोस्रो बुधबार | | | |
| | | बढुवा | | | | | |
| | | खुला – प्रथम चरण | | | माघ/फागुन | फागुन/चैत्र | आषाढ |
| | | खुला – द्वितीय चरण | | | चैत्र/बैशाख | जेष्ठ/आषाढ | |

ग. प्रदेश संगठित संस्था तर्फः

| सि. नं. | तह | पदपूर्तिको किसिम | माग संकलन तथा प्रतिशत निर्धारण | विज्ञापन सूचना प्रकाशन | परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|
| १. | प्रदेश संगठित संस्थाका सबै सेवा/समूह र तहका पदहरु | सम्बन्धित कानूनमा व्यवस्था भए बमोजिम | आश्विन | मंसीर/पुस | माघ/फागुन | चैत्र/ बैशाख | जेष्ठ/आषाढ |

**द्रष्टव्य**

१. वार्षिक कार्यतालिका लागू हुने मितिः २०७९ श्रावण १ गतेदेखि

२. आन्तरिक प्रतियोगिता, कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा, स्तरवृद्धि र कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनबाट हुने पदपूर्ति कर्मचारी सेवा शर्त प्रचलित कानुन बमोजिम हुनेछ।

३. प्रदेश सरकार तथा स्थानीय तहबाट पदपूर्तिका लागि माग प्राप्त नभएको खण्डमा तत्सम्बन्धी कामकारवाही कार्यतालिका बमोजिम हुनेछैन।

४. माथि कार्यतालिकामा नपरेका अन्य विषयहरुलाई क्रमशः समावेश गरिनेछ।

अनुसूची दुई

# विज्ञापन पद र दरखास्तको स्थिति

| विज्ञापन | विज्ञापन समूह | विज्ञापित पद | आवेदक सङ्ख्या | प्रति रिक्त पद आवेदन अनुपात | पदको वर्गीकरण | किसिम | तह | विज्ञापन खुला( एको |
|---|---|---|---|---|---|---|---|---|
| १२३-१२४/२०७८-७९ | १२३/२०७८-७९ | ३ | १६४९ | ५५० | खुला | अप्राविधिक | प्रदेश | २०७८-०७-०५ |
| १२३-१२४/२०७८-७९ | १२४/२०७८-७९ | २ | ६९५ | ३४८ | महिला | अप्राविधिक | प्रदेश | २०७८-०७-०५ |
| १२५-१२५/२०७८-७९ | १२५/२०७८-७९ | १ | २१७ | २१७ | खुला | अप्राविधिक | प्रदेश | २०७८-०६-२७ |
| १४७-१४८/२०७८-७९ | १४७/२०७८-७९ | २ | १४४१ | ७२१ | खुला | अप्राविधिक | प्रदेश | २०७८-०६-२७ |
| १४७-१४८/२०७८-७९ | १४८/२०७८-७९ | १ | ५७१ | ५७१ | महिला | अप्राविधिक | प्रदेश | २०७८-०६-२७ |
| ५२६-५३०/२०७८-७९ | ५२६/२०७८-७९ | ४८ | ११२०० | २३४ | खुला | अप्राविधिक | स्थानीय | २०७८-०७-०५ |
| ५२६-५३०/२०७८-७९ | ५२७/२०७८-७९ | १२ | ४२६६ | ३५६ | महिला | अप्राविधिक | स्थानीय | २०७८-०७-०५ |
| ५२६-५३०/२०७८-७९ | ५२८/२०७८-७९ | २१ | २०९० | १०० | आ.ज. | अप्राविधिक | स्थानीय | २०७८-०७-०५ |
| ५२६-५३०/२०७८-७९ | ५२९/२०७८-७९ | २ | ११९८ | ५९९ | मधेशी | अप्राविधिक | स्थानीय | २०७८-०७-०५ |
| ५२६-५३०/२०७८-७९ | ५३०/२०७८-७९ | १ | ३५८ | ३५८ | दलित | अप्राविधिक | स्थानीय | २०७८-०७-०५ |
| ५३१-५३२/२०७८-७९ | ५३१/२०७८-७९ | १ | २६५ | २६५ | खुला | अप्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५३१-५३२/२०७८-७९ | ५३२/२०७८-७९ | १ | ४७ | ४७ | महिला | अप्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५६१-५६१/२०७८-७९ | ५६१/२०७८-७९ | १ | ६७९ | ६७९ | खुला | अप्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५६२-५६२/२०७८-७९ | ५६२/२०७८-७९ | १६ | ५८७२ | ३६७ | खुला | अप्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५५२-५५५/२०७८-७९ | ५५२/२०७८-७९ | ३३ | ११४७९ | ३४८ | खुला | अप्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५५२-५५५/२०७८-७९ | ५५३/२०७८-७९ | १२ | ४४३७ | ३७० | महिला | अप्राविधिक | स्थानीय | २०७८-०६-२७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५५२-५५५/२०७८-७९ | ५५४/२०७८-७९ | १२ | २०५८ | १७२ | आ.ज. | अप्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५५२-५५५/२०७८-७९ | ५५५/२०७८-७९ | २ | १६६९ | ८३५ | मधेशी | अप्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| १०१-१०२/२०७८-७९ | १०१/२०७८-७९ | २ | ३५४ | १७७ | खुला | प्राविधिक | प्रदेश | २०७८-०५-३० |
| १०१-१०२/२०७८-७९ | १०२/२०७८-७९ | १ | ९८ | ९८ | महिला | प्राविधिक | प्रदेश | २०७८-०५-३० |
| १०३-१०४/२०७८-७९ | १०३/२०७८-७९ | १ | ३९६ | ३९६ | खुला | प्राविधिक | प्रदेश | २०७८-०५-३० |
| १०३-१०४/२०७८-७९ | १०४/२०७८-७९ | १ | २०८ | २०८ | महिला | प्राविधिक | प्रदेश | २०७८-०५-३० |
| १०५-१०६/२०७८-७९ | १०५/२०७८-७९ | १ | ११५९ | ११५९ | खुला | प्राविधिक | प्रदेश | २०७८-०५-३० |
| १०५-१०६/२०७८-७९ | १०६/२०७८-७९ | १ | ८४७ | ८४७ | महिला | प्राविधिक | प्रदेश | २०७८-०५-३० |
| १०७-१११/२०७८-७९ | १०७/२०७८-७९ | ४ | ३४७० | ८६८ | खुला | प्राविधिक | प्रदेश | २०७८-०५-३० |
| १०७-१११/२०७८-७९ | १०८/२०७८-७९ | १ | ३३७२ | ३३७२ | महिला | प्राविधिक | प्रदेश | २०७८-०५-३० |
| १०७-१११/२०७८-७९ | १०९/२०७८-७९ | १ | ११२० | ११२० | आ.ज. | प्राविधिक | प्रदेश | २०७८-०५-३० |
| १०७-१११/२०७८-७९ | ११०/२०७८-७९ | १ | ४५९ | ४५९ | मधेशी | प्राविधिक | प्रदेश | २०७८-०५-३० |
| १०७-१११/२०७८-७९ | १११/२०७८-७९ | १ | २६२ | २६२ | दलित | प्राविधिक | प्रदेश | २०७८-०५-३० |
| ११२-११६/२०७८-७९ | ११२/२०७८-७९ | ४ | ५७३० | १४३३ | खुला | प्राविधिक | प्रदेश | २०७८-०५-३० |
| ११२-११६/२०७८-७९ | ११३/२०७८-७९ | १ | २३०९ | २३०९ | महिला | प्राविधिक | प्रदेश | २०७८-०५-३० |
| ११२-११६/२०७८-७९ | ११४/२०७८-७९ | १ | ११९५ | ११९५ | आ.ज. | प्राविधिक | प्रदेश | २०७८-०५-३० |
| ११२-११६/२०७८-७९ | ११५/२०७८-७९ | १ | १८६५ | १८६५ | मधेशी | प्राविधिक | प्रदेश | २०७८-०५-३० |
| ११२-११६/२०७८-७९ | ११६/२०७८-७९ | १ | ४७९ | ४७९ | दलित | प्राविधिक | प्रदेश | २०७८-०५-३० |
| ११७-११७/२०७८-७९ | ११७/२०७८-७९ | १ | २६१८ | २६१८ | खुला | प्राविधिक | प्रदेश | २०७८-०५-३० |
| ११८-१२०/२०७८-७९ | ११८/२०७८-७९ | २ | ३७३८ | १८६९ | खुला | प्राविधिक | प्रदेश | २०७८-०५-३० |
| ११८-१२०/२०७८-७९ | ११९/२०७८-७९ | १ | २०४७ | २०४७ | महिला | प्राविधिक | प्रदेश | २०७८-०५-३० |
| ११८-१२०/२०७८-७९ | १२०/२०७८-७९ | १ | ९०८ | ९०८ | आ.ज. | प्राविधिक | प्रदेश | २०७८-०५-३० |
| १२१-१२२/२०७८-७९ | १२१/२०७८-७९ | २ | १७८६ | ८९३ | खुला | प्राविधिक | प्रदेश | २०७८-०५-३० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२१-१२२/२०७८-७९ | १२२/२०७८-७९ | १ | ५११ | ५११ | महिला | प्राविधिक | प्रदेश | २०७८-०५-३० |
| १२६-१३०/२०७८-७९ | १२६/२०७८-७९ | १० | ६९५१ | ६९६ | खुला | प्राविधिक | प्रदेश | २०७८-०६-२७ |
| १२६-१३०/२०७८-७९ | १२७/२०७८-७९ | ३ | ५१९ | १७३ | महिला | प्राविधिक | प्रदेश | २०७८-०६-२७ |
| १२६-१३०/२०७८-७९ | १२८/२०७८-७९ | २ | १०२३ | ५१२ | आ.ज. | प्राविधिक | प्रदेश | २०७८-०६-२७ |
| १२६-१३०/२०७८-७९ | १२९/२०७८-७९ | २ | २४८४ | १२४२ | मधेशी | प्राविधिक | प्रदेश | २०७८-०६-२७ |
| १२६-१३०/२०७८-७९ | १३०/२०७८-७९ | २ | ३६२ | १८१ | दलित | प्राविधिक | प्रदेश | २०७८-०६-२७ |
| १३१-१३२/२०७८-७९ | १३१/२०७८-७९ | ४ | २०९२ | ५२३ | खुला | प्राविधिक | प्रदेश | २०७८-०६-२७ |
| १३१-१३२/२०७८-७९ | १३२/२०७८-७९ | १ | ७४३ | ७४३ | महिला | प्राविधिक | प्रदेश | २०७८-०६-२७ |
| १३३-१३३/२०७८-७९ | १३३/२०७८-७९ | ३ | ६३९ | २१३ | खुला | प्राविधिक | प्रदेश | २०७८-०६-२७ |
| १३४-१३४/२०७८-७९ | १३४/२०७८-७९ | १ | ६१२ | ६१२ | खुला | प्राविधिक | प्रदेश | २०७८-०६-२७ |
| १३५-१३५/२०७८-७९ | १३५/२०७८-७९ | १ | १६९ | १६९ | खुला | प्राविधिक | प्रदेश | २०७८-०६-२७ |
| १३६-१३९/२०७८-७९ | १३६/२०७८-७९ | ३ | १६६३ | ५५५ | खुला | प्राविधिक | प्रदेश | २०७८-०६-२७ |
| १३६-१३९/२०७८-७९ | १३७/२०७८-७९ | १ | १६०२ | १६०२ | महिला | प्राविधिक | प्रदेश | २०७८-०६-२७ |
| १३६-१३९/२०७८-७९ | १३८/२०७८-७९ | १ | ४७९ | ४७९ | आ.ज. | प्राविधिक | प्रदेश | २०७८-०६-२७ |
| १३६-१३९/२०७८-७९ | १३९/२०७८-७९ | १ | २३८ | २३८ | मधेशी | प्राविधिक | प्रदेश | २०७८-०६-२७ |
| १४०-१४१/२०७८-७९ | १४०/२०७८-७९ | १ | ५४७ | ५४७ | खुला | प्राविधिक | प्रदेश | २०७८-०६-२७ |
| १४०-१४१/२०७८-७९ | १४१/२०७८-७९ | १ | ५४३ | ५४३ | महिला | प्राविधिक | प्रदेश | २०७८-०६-२७ |
| १४२-१४३/२०७८-७९ | १४२/२०७८-७९ | २ | ६३२ | ३१६ | खुला | प्राविधिक | प्रदेश | २०७८-०६-२७ |
| १४२-१४३/२०७८-७९ | १४३/२०७८-७९ | १ | ३०१ | ३०१ | महिला | प्राविधिक | प्रदेश | २०७८-०६-२७ |
| १४४-१४४/२०७८-७९ | १४४/२०७८-७९ | १ | २०९ | २०९ | खुला | प्राविधिक | प्रदेश | २०७८-०६-२७ |
| १४५-१४६/२०७८-७९ | १४५/२०७८-७९ | १ | ११८९ | ११८९ | खुला | प्राविधिक | प्रदेश | २०७८-०६-२७ |
| १४५-१४६/२०७८-७९ | १४६/२०७८-७९ | १ | ३२८ | ३२८ | महिला | प्राविधिक | प्रदेश | २०७८-०६-२७ |
| १४९-१५१/२०७८-७९ | १४९/२०७८-७९ | ४ | ५९३ | १४९ | खुला | प्राविधिक | प्रदेश | २०७८-०७-२४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४९-१५१/२०७८-७९ | १५०/२०७८-७९ | १ | २६८ | २६८ | महिला | प्राविधिक | प्रदेश | २०७८-०७-२४ |
| १४९-१५१/२०७८-७९ | १५१/२०७८-७९ | १ | १०३ | १०३ | आ.ज. | प्राविधिक | प्रदेश | २०७८-०७-२४ |
| १५२-१५३/२०७८-७९ | १५२/२०७८-७९ | १ | १५७ | १५७ | खुला | प्राविधिक | प्रदेश | २०७८-०७-२४ |
| १५२-१५३/२०७८-७९ | १५३/२०७८-७९ | १ | ६७ | ६७ | महिला | प्राविधिक | प्रदेश | २०७८-०७-२४ |
| १५४-१५४/२०७८-७९ | १५४/२०७८-७९ | १ | १४८ | १४८ | खुला | प्राविधिक | प्रदेश | २०७८-०७-२४ |
| १५५-१५५/२०७८-७९ | १५५/२०७८-७९ | १ | ५७ | ५७ | खुला | प्राविधिक | प्रदेश | २०७८-०७-२४ |
| १५६-१५६/२०७८-७९ | १५६/२०७८-७९ | १ | २६ | २६ | खुला | प्राविधिक | प्रदेश | २०७८-०७-२४ |
| १५७-१५७/२०७८-७९ | १५७/२०७८-७९ | १ | ३० | ३० | खुला | प्राविधिक | प्रदेश | २०७८-०७-२४ |
| १५९-१६१/२०७८-७९ | १६०/२०७८-७९ | १ | ४९ | ४९ | खुला | प्राविधिक | प्रदेश | २०७८-०९-२८ |
| १५९-१६१/२०७८-७९ | १६१/२०७८-७९ | १ | १० | १० | महिला | प्राविधिक | प्रदेश | २०७८-०९-२८ |
| १६५-१६६/२०७८-७९ | १६६/२०७८-७९ | १ | १० | १० | खुला | प्राविधिक | प्रदेश | २०७८-०९-२८ |
| १६७-१६८/२०७८-७९ | १६८/२०७८-७९ | १ | १० | १० | खुला | प्राविधिक | प्रदेश | २०७८-०९-२८ |
| १६९-१७०/२०७८-७९ | १७०/२०७८-७९ | १ | १० | १० | खुला | प्राविधिक | प्रदेश | २०७८-०९-२८ |
| १७१-१७२/२०७८-७९ | १७२/२०७८-७९ | १ | १९ | १९ | खुला | प्राविधिक | प्रदेश | २०७८-०९-२८ |
| १७४-१७५/२०७८-७९ | १७५/२०७८-७९ | १ | ७ | ७ | खुला | प्राविधिक | प्रदेश | २०७८-०९-२८ |
| १७६-१७७/२०७८-७९ | १७७/२०७८-७९ | १ | ७ | ७ | खुला | प्राविधिक | प्रदेश | २०७८-०९-२८ |
| १७८-१७९/२०७८-७९ | १७९/२०७८-७९ | १ | ३ | ३ | खुला | प्राविधिक | प्रदेश | २०७८-०९-२८ |
| ५०१-५०२/२०७८-७९ | ५०१/२०७८-७९ | ९ | ७२८ | ८१ | खुला | प्राविधिक | स्थानीय | २०७८-०५-३० |
| ५०१-५०२/२०७८-७९ | ५०२/२०७८-७९ | १ | १६१ | १६१ | महिला | प्राविधिक | स्थानीय | २०७८-०५-३० |
| ५०३-५०३/२०७८-७९ | ५०३/२०७८-७९ | ७ | ७६९ | ११० | खुला | प्राविधिक | स्थानीय | २०७८-०५-३० |
| ५०४-५०४/२०७८-७९ | ५०४/२०७८-७९ | ९ | ३९७४ | ४४२ | खुला | प्राविधिक | स्थानीय | २०७८-०५-३० |
| ५०५-५०९/२०७८-७९ | ५०५/२०७८-७९ | १३० | १३७१८ | १०६ | खुला | प्राविधिक | स्थानीय | २०७८-०५-३० |
| ५०५-५०९/२०७८-७९ | ५०६/२०७८-७९ | ४६ | १३३८६ | २९१ | महिला | प्राविधिक | स्थानीय | २०७८-०५-३० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५०५-५०९/२०७८-७९ | ५०७/२०७८-७९ | ३० | ४२७५ | १४३ | आ.ज. | प्राविधिक | स्थानीय | २०७८-०५-३० |
| ५०५-५०९/२०७८-७९ | ५०८/२०७८-७९ | १४ | १८०३ | १२९ | मधेशी | प्राविधिक | स्थानीय | २०७८-०५-३० |
| ५०५-५०९/२०७८-७९ | ५०९/२०७८-७९ | ६ | १००१ | १६७ | दलित | प्राविधिक | स्थानीय | २०७८-०५-३० |
| ५१०-५१४/२०७८-७९ | ५१०/२०७८-७९ | १७२ | १९३०८ | ११३ | खुला | प्राविधिक | स्थानीय | २०७८-०५-३० |
| ५१०-५१४/२०७८-७९ | ५११/२०७८-७९ | ५६ | ७७४६ | १३९ | महिला | प्राविधिक | स्थानीय | २०७८-०५-३० |
| ५१०-५१४/२०७८-७९ | ५१२/२०७८-७९ | ३६ | ४१८८ | ११७ | आ.ज. | प्राविधिक | स्थानीय | २०७८-०५-३० |
| ५१०-५१४/२०७८-७९ | ५१३/२०७८-७९ | २४ | ६०२६ | २५२ | मधेशी | प्राविधिक | स्थानीय | २०७८-०५-३० |
| ५१०-५१४/२०७८-७९ | ५१४/२०७८-७९ | १३ | १४४६ | ११२ | दलित | प्राविधिक | स्थानीय | २०७८-०५-३० |
| ५१५-५१५/२०७८-७९ | ५१५/२०७८-७९ | ७० | १११४३ | १६० | खुला | प्राविधिक | स्थानीय | २०७८-०५-३० |
| ५१६-५१७/२०७८-७९ | ५१६/२०७८-७९ | ५२ | ७४८४ | १४४ | खुला | प्राविधिक | स्थानीय | २०७८-०५-३० |
| ५१६-५१७/२०७८-७९ | ५१७/२०७८-७९ | १४ | २३३५ | १६७ | महिला | प्राविधिक | स्थानीय | २०७८-०५-३० |
| ५१८-५१९/२०७८-७९ | ५१८/२०७८-७९ | ४३ | ६६४८ | १५५ | खुला | प्राविधिक | स्थानीय | २०७८-०५-३० |
| ५१८-५१९/२०७८-७९ | ५१९/२०७८-७९ | १६ | २०२५ | १२७ | महिला | प्राविधिक | स्थानीय | २०७८-०५-३० |
| ५२०-५२४/२०७८-७९ | ५२०/२०७८-७९ | ७३ | ११०४४ | १५२ | खुला | प्राविधिक | स्थानीय | २०७८-०५-३० |
| ५२०-५२४/२०७८-७९ | ५२१/२०७८-७९ | ८ | १५४० | १९३ | महिला | प्राविधिक | स्थानीय | २०७८-०५-३० |
| ५२०-५२४/२०७८-७९ | ५२२/२०७८-७९ | ११ | १८१३ | १६५ | आ.ज. | प्राविधिक | स्थानीय | २०७८-०५-३० |
| ५२०-५२४/२०७८-७९ | ५२३/२०७८-७९ | २२ | ३२७० | १४९ | मधेशी | प्राविधिक | स्थानीय | २०७८-०५-३० |
| ५२०-५२४/२०७८-७९ | ५२४/२०७८-७९ | ४ | ८६४ | २१६ | दलित | प्राविधिक | स्थानीय | २०७८-०५-३० |
| ५२५-५२५/२०७८-७९ | ५२५/२०७८-७९ | ६ | ४६८१ | ७८१ | खुला | प्राविधिक | स्थानीय | २०७८-०५-३० |
| ५३३-५३७/२०७८-७९ | ५३३/२०७८-७९ | ३६ | ७६०७ | २१२ | खुला | प्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५३३-५३७/२०७८-७९ | ५३४/२०७८-७९ | १५ | ५९२ | ४० | महिला | प्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५३३-५३७/२०७८-७९ | ५३५/२०७८-७९ | ७ | ११६२ | १६६ | आ.ज. | प्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५३३-५३७/२०७८-७९ | ५३६/२०७८-७९ | २ | २६८२ | १३४१ | मधेशी | प्राविधिक | स्थानीय | २०७८-०६-२७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५३३-५३७/२०७८-७९ | ५३७/२०७८-७९ | १ | ३६३ | ३६३ | दलित | प्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५३८-५३८/२०७८-७९ | ५३८/२०७८-७९ | २८ | ३०३५ | १०९ | खुला | प्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५३९-५३९/२०७८-७९ | ५३९/२०७८-७९ | ४० | ९९३ | २५ | खुला | प्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५४०-५४०/२०७८-७९ | ५४०/२०७८-७९ | ९ | ८४०८ | ९३५ | खुला | प्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५४१-५४१/२०७८-७९ | ५४१/२०७८-७९ | २ | ९५२ | ४७६ | खुला | प्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५४२-५४२/२०७८-७९ | ५४२/२०७८-७९ | १ | १६ | १६ | खुला | प्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५४३-५४३/२०७८-७९ | ५४३/२०७८-७९ | २ | २७३ | १३७ | खुला | प्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५४४-५४५/२०७८-७९ | ५४४/२०७८-७९ | २ | २१६ | १०८ | खुला | प्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५४४-५४५/२०७८-७९ | ५४५/२०७८-७९ | १ | ६५ | ६५ | महिला | प्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५४६-५४७/२०७८-७९ | ५४६/२०७८-७९ | १२ | २८९० | २४१ | खुला | प्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५४६-५४७/२०७८-७९ | ५४७/२०७८-७९ | ३ | २७९२ | ९३१ | महिला | प्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५४८-५४८/२०७८-७९ | ५४८/२०७८-७९ | २ | ६१६ | ३०८ | खुला | प्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५४९-५५१/२०७८-७९ | ५४९/२०७८-७९ | ४१ | ५२६३ | १२९ | खुला | प्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५४९-५५१/२०७८-७९ | ५५०/२०७८-७९ | १९ | १३४७ | ७१ | महिला | प्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५४९-५५१/२०७८-७९ | ५५१/२०७८-७९ | ५ | ९२१ | १८५ | आ.ज. | प्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५५६-५६०/२०७८-७९ | ५५६/२०७८-७९ | १० | २२७५ | २२८ | खुला | प्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५५६-५६०/२०७८-७९ | ५५७/२०७८-७९ | २ | ४२९ | २१५ | महिला | प्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५५६-५६०/२०७८-७९ | ५५८/२०७८-७९ | २ | ३१४ | १५७ | आ.ज. | प्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५५६-५६०/२०७८-७९ | ५५९/२०७८-७९ | २ | ६२१ | ३११ | मधेशी | प्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५५६-५६०/२०७८-७९ | ५६०/२०७८-७९ | १ | १४४ | १४४ | दलित | प्राविधिक | स्थानीय | २०७८-०६-२७ |
| ५६३-५६३/२०७८-७९ | ५६३/२०७८-७९ | ७ | ६३२ | ९१ | खुला | प्राविधिक | स्थानीय | २०७८-०७-२४ |

# आयोगका गतिविधिहरू




मानननीय प्रदेश प्रमुखज्यूको समुपस्थितिमा आयोगका अध्यक्षबाट सपथ ग्रहण गर्नुहुँदै आयोगका नवनियुक्त सदस्य



माननीय प्रदेश प्रमुखज्यूलाई आयोगको प्रथम वार्षिक प्रतिवेदन पेश गर्नुहुँदै आयोगका अध्यक्ष



आयोगको प्रथम वार्षिक प्रतिवेदन विमोचन गर्नुहुँदै माननीय प्रदेश प्रमुख



आयोगको प्रथम वार्षिक प्रतिवेदन पेश गरेपछि माननीय प्रदेश प्रमुखज्यूसँगको सामूहिक तस्वीर



पानसमा दीप प्रज्ज्वलन गरी आयोगको प्रथम वार्षिकोत्सव कार्यक्रम उद्घाटन गर्नुहुँदै माननीय प्रदेश प्रमुख



प्रथम वार्षिकोत्सव समारोहमा प्रमुख अतिथि माननीय प्रदेश प्रमुखज्यूबाट स्मारिका विमोचन ।



लोक सेवा आयोगहरूको दोस्रो राष्ट्रिय सम्मेलन बुटवल



लोक सेवा आयोगहरूको दोस्रो राष्ट्रिय कार्यशाला विराटनगर




आयोगका सचिवको स्वागत तथा विदाई कार्यक्रम




आयोगबाट सिफारिस भएका उमेदवारहरूलाई सेवा प्रवेश सम्वन्धी एक दिने अभिमुखीकरण कार्यक्रम




अ.न.मी. पदका उमेदवारहरूको अभिमुखीकरण कार्यक्रमका सहभागीहरू




आयोगबाट सिफारिस भएका अ.हे.व. पदका उमेदवारहरूलाई सेवा प्रवेश सम्वन्धी एक दिने अभिमुखीकरण कार्यक्रम



परामर्श सम्वन्धी कार्यविधिका विषयमा प्रदेश सचिवहरूसँगको छलफल कार्यक्रम



क्षमता अभिवृद्धि तथा वार्षिक प्रगित समिक्षा कार्यक्रमको समापन पछिको सामूहिक तस्विर